
सारांश अंग्रेजीमा

# Fact-finding Report on the Incident of Shooting by Security Forces in the Campus Premises in Kanchanpur District

## Synopsis




As a result of the negligence of commanding officer and the tendency of taking actions without verifying accuracy of the information received by the security forces, three students were shot injured in the peaceful programme in Mahendranagar.

On 29 April, the UML affiliated ANNFSU organized a programme for their organizational development, after taking due permission from the government administration, in Janajyoti Campus premises. Within the time of half an hour from the beginning of the program, a team of Surya Dal Battalion in the leadership of Captain Ganga Baral suddenly attacked by encircling the students. The students were dispersed from the programme when the army opened fire, immediately after getting off from their vehicle, and went towards the campus while shooting. Students reached the campus premises but the army did not stop chasing them. The army took Nara Bahadur Dhami in control from a place about 400 mt. far from the campus. Other two leaders Mahesh Pant and Kiran Chhetri entered into a house nearby. Army also reached in that house chasing them. Kiran Chhetri was targeted and shot from outside the window, and was again shot after being taken into control. The army also took Mahesh Pant in control by entering inside the house. He was shot two bullets, one on each of his legs. In the mean time, another student Bachan Bahadur Singh was assaulted and taken in control by the army.

Royal Nepalese Army stated that they have taken such action, entering into the campus premises, after receiving information that the Maoists are organizing their programme by taking both the students and teachers in control.

**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**
**Secretariat INSEC, 9 May 2005**

# कञ्चनपुरमा क्याम्पसभित्र सुरक्षाकर्मीद्वारा गोली चलाइएको घटनाका सम्बन्धमा स्थलगत अध्ययन प्रतिवेदन




## सारांश

कमाण्ड गर्ने अधिकृतको गैरजिम्मेवारीपना र प्राप्त सूचना सत्य नहुन पनि सक्छ भन्ने हेक्का सुरक्षा निकायमा नभएका कारण कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा शान्तिपूर्ण कार्यक्रममा संलग्न विद्यार्थीहरुउपर गोली चलाएर तीन जनालाई गम्भीर घाइते तुल्याइएको देखिन्छ। २०६२ वैशाख १६ गते नेकपा (एमाले) समर्थक अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) का विद्यार्थीहरूले महेन्द्रनगरस्थित जनज्योति क्याम्पसमा पूर्व स्वीकृति लिएर संगठनात्मक विस्तारसम्बन्धी कार्यक्रमको आयोजना गरेका थिए। तर कार्यक्रम शुरु भएको आधा घण्टा बित्दा नबित्दै कञ्चनपुरस्थित सूर्यदल गुल्मबाट उपसेनानी गंगा बरालको नेतृत्वमा गएको शाही नेपाली सेनाको टोलीले घटनास्थलमा घेरा हाली अकस्मात आक्रमण गऱ्यो। उनीहरु गाडीबाट ओर्लिएर फायरिङ गर्दै क्याम्पसतर्फ बढेपछि सहभागीहरु कार्यक्रम छाडेर भागाभाग गर्न थाले। त्यसपछि सेना फाइरिङ गर्दै विद्यार्थीहरूलाई लखेट्न थाले। विद्यार्थीहरु भाग्दै क्याम्पस हाता बाहिर पुगे। तर सेनाले लखेट्न छाडेनन्। करिब चार सय मिटर पर सेनाले नरबहादुर धामीलाई नियन्त्रणमा लियो। अन्य दुई जना विद्यार्थी नेताहरु– महेश पन्त र किरण क्षेत्री नजिकैको एउटा घरभित्र छिरे। तर सेना उनीहरुलाई पछ्याउँदै त्यहीं पुगे। घरबाहिर झ्यालबाट किरण क्षेत्रीलाई ताकेर गोली हानियो। उनलाई नियन्त्रणमा लिइसकेपछि अर्को गोली हानियो। सेनाले त्यो घरभित्रै पसेर महेश पन्तलाई पनि नियन्त्रणमा लिए। नियन्त्रणमा लिइसकेपछि उनको दुवै खुट्टामा एक/एक गोली हानियो। त्यसक्रममा अर्का एक विद्यार्थी नेता वचनबहादुर सिंहलाई कुटपिट गर्दै नियन्त्रणमा लिइयो। त्यस क्याम्पसमा माओवादीले विद्यार्थी र शिक्षकलाई थुनेर कार्यक्रम गर्दैछन् भन्ने सूचना प्राप्त भएपछि त्यस्तो कारवाही गरिएको हो भन्ने दावी शाही नेपाली सेनाले गरेको छ।



सन्धि अनुगमन समन्वय समिति

सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०६२ वैशाख २६ गते, ललितपुर

## पृष्ठभूमि

सुदूरपश्चिमाञ्चलमा पर्ने कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगरबाट करिब दुई किलोमिटर पूर्व, महेन्द्रनगर नगरपालिका वडा नं. १८ सुकेनालामा अवस्थित जनज्योति बहुमुखी क्याम्पसमा २०६२ वैशाख १६ गते भएको क्याम्पस हाताभित्रै गोली चलाइएको घटनाका सम्बन्धमा सत्य–तथ्य पत्ता लगाउन काठमाडौंबाट मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको पहलकदमीमा धनगढी र कञ्चनपुरका स्थानीय मानवअधिकारकर्मीहरूसहितको तथ्य संकलन टोलीले घटनास्थल पुगी स्थलगत अनुगमन गरेको छ। सन्धि अनुगमन समन्वय समितिको तथ्य संकलन टोलीले २०६२ वैशाख २० देखि २२ गतेसम्म स्थलगत अनुगमन गरेको थियो। यस क्रममा स्थानीय बासिन्दा, प्रत्यक्षदर्शी, क्याम्पसका विद्यार्थी तथा प्राध्यापकसँग घटनाकासम्बन्धमा विस्तृत विवरण संकलन गर्‍यो। टोलीले भारतको पिलीभितस्थित शारदा अस्पतालमा उपचार गराइरहेका घाइतेहरूसँग भेटी घटनाका सम्बन्धमा विस्तृत जानकारी हासिल गर्‍यो। तथ्य संकलनका क्रममा टोलीले स्थानीय प्रशासन, शाही नेपाली सेना तथा प्रहरीकासाथै स्थानीय मानवअधिकारकर्मी, नागरिक समाज, कानुन व्यवसायी, पत्रकार तथा विभिन्न राजनीतिक पार्टीका नेताहरूसँग पनि सामूहिक रूपमा आवश्यक सोधखोज गरेको थियो।

## तथ्य संकलनको उद्देश्य

१. घटनाकासम्बन्धमा सत्य तथ्य पत्ता लगाउने र
२. घटनाको सत्य तथ्य सहितको प्रतिवेदन तयार गर्ने।

## तथ्य संकलनको पद्धति

१. घटनास्थलको अवलोकन,
३. घटनास्थल वरपरका व्यक्ति तथा प्रत्यक्षदर्शीसँग भेटघाटद्वारा घटनाको विवरण संकलन,
३. स्थानीय नागरिक समाज, सुरक्षा निकाय, स्थानीय प्रशासन, मानवअधिकारकर्मी तथा सम्बन्धित निकाय एवं व्यक्तिसँग घटनाका सम्बन्धमा जानकारी हासिल
४. घटना सम्बन्धमा पूर्वप्रकाशित सामग्रीहरूको अध्ययन

## घटनाको संक्षिप्त विवरण


### पीडित व्यक्तिहरू

(१) नरबहादुर धामी (केन्द्रीय सदस्य, अनेरास्ववियू तथा स्ववियू सभापति, सिद्धनाथ बहुमुखी क्याम्पस )
(२) वचनबहादुर सिंह ( अध्यक्ष अनेरास्ववियू जिल्ला कमिटी तथा राष्ट्रिय पार्षद)
(३) महेश पन्त (सहसचिव अनेरास्ववियू जिल्ला कमिटी)
(४) किरण क्षेत्री (विद्यार्थी, जनज्योति क्याम्पस)

**पीडक :** कञ्चनपुर जिल्ला, महेन्द्रनगर नगरपालिकास्थित सूर्यदल गुल्मबाट खटिएका शाही नेपाली सेना

**घटनास्थल :** कञ्चनपुर जिल्ला, महेन्द्रनगर नगरपालिका वडा नं. १८ स्थित जनज्योति बहुमुखी क्याम्पस

## घटनाको स्थलको नक्सा :



घटना मिति : २०६२ वैशाख १६ गते
घटना समय : साँझ करिब ६ बजेतिर

## तथ्य संकलन टोली

१. खड्कराज जोशी, संयोजक, क्षेत्रीय कार्यालय इन्सेक
२. वि. पी. अधिकारी हिमराइट्स/इन्हुरेड इन्टरन्याशनल
३. रूपनारायण श्रेष्ठ, महिला कानुन र विकास मञ्च
४. शशी पोखरेल, कोक्याप
५. विष्णुबहादुर थापा, अभिलेख-अधिकृत, इन्सेक क्षेत्रीय कार्यालय, नेपालगञ्ज
६. चम्पासिंह भण्डारी, इन्सेक- कञ्चनपुर
७. विहारीलाल चौधरी, आर.आर. एन., धनगढी
८. ज्योतिलाल वन, ग्रिन्सो नेपाल, धनगढी
९. सुरेन्द्र विष्ट, मासम, कञ्चनपुर
१०.लालबहादुर खड्का, ह्यूपेक, कञ्चनपुर

## घटनाका सम्बन्धमा प्रत्यक्ष भेटघाट र कुराकानी गरिएका व्यक्तिहरू

| क.सं. | टोलीले भेटको व्यक्तिहरू | संस्था/कार्यालय | पद |
|---|---|---|---|
| १. | ध्रुवराज वाग्ले | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी |
| २. | राजीव शाह | सूर्य गुल्म | मेजर |
| ३ | निरज पौडेल | शाही नेपाली सेना, डडेलधुरा | ,, |
| ४. | गोविन्दराम परियार | नेपाल प्रहरी | डि.एस. पी. |
| ५. | हरि सिंह खाती | जनज्योति क्याम्पस | सहायक क्याम्पस प्रमुख |
| ६. | यमबहादुर धिताल | पुनरावेदन अदालत | नि. मुख्य न्यायाधीश |
| ७ | बद्रीप्रसाद धिताल | ,, | सह न्यायाधिवक्ता |
| ८. | नरबहादुर धामी (पीडित) | अनेरास्ववियू | अनेरास्ववियू, जिल्ला केन्द्रीय सदस्य |
| ९. | वचनबहादुर सिंह (पीडित) | ,, | |
| १०. | महेश पन्त (पीडित) | ,, | |
| ११. | किरण क्षेत्री (पीडित) | जनज्योति क्याम्पस | विद्यार्थी |
| १२. | भूपेन्द्र विष्ट | पुनरावेदन बार एशोसियसन | अध्यक्ष |
| १३ | शालिक राम | अञ्चल प्रशासन | अधिकृत |
| १४ | ऋषि .... | राष्ट्रिय अनुसन्धान विभाग | ,, |
| १५ | माधवप्रसाद जोशी | एन्जील टाइम | पत्रकार |
| १६ | केशव वि.क. | फारवेष्ट | ,, |
| १७ | खेम भण्डारी | अभियान दैनिक | ,, |
| १८ | कृष्ण पनेरु | नेपाल तरुण दल | केन्द्रीय सदस्य |
| १९ | पदम बोगटी | ने.का. (प्रजातान्त्रिक) | जिल्ला सचिव |
| २० | राजेन्द्र रावल | नेकपा (एमाले) | ,, |
| २१ | विक्रम कुँवर | | कानून व्यवसायी |
| २२ | बासुदेव भट्ट | ह्यूपेक | अध्यक्ष |
| २३ | पदमराज पन्त | उद्योग बाणिज्य संघ | सचिव |
| २४ | खेमराज ऐरे | अनेरास्ववियू | केन्द्रीय सदस्य |
| २५ | रामसिंह धामी | प्ररायुसंघ | सदस्य |
| २६ | कृष्णबहादुर भट्ट | | प्रत्यक्षदर्शी |
| २७ | जनक राज.. | | |
| २८. | केदार पौडेल | सूर्यदल गुल्म | प्यूठ |
| २९ | नागेश यादव | उत्तर प्रदेश पुलिस हेडक्वाटर | प्रहरी जवान |
| ३०. | धर्मानन्द पन्त | | पीडित महेश पन्तको बाबु |
| ३१ | निर्मला पन्त | | पीडित महेश पन्तकी आमा |
| ३२ | लक्ष्मी भट्ट | | पीडित महेश पन्तकी फुपू |
| ३३ | झुमेश्वरी पन्त | | पीडित महेश पन्तकी बहिनी |
| ३४ | कृष्ण चौधरी | | किसान |
| ३५ | पार्वती विष्ट | जनज्योति क्याम्पस | विद्यार्थी |
| ३६ | चन्द्राकुमारी | ,, | ,, |
| ३७ | धर्मानन्द बढु | ,, | ,, |
| ३८ | विष्णु अर्याल | ,, | ,, |
| ३९ | शोभानदत्त जोशी | ,, | ,, |
| ४० | नवराज जोशी | ,, | शिक्षक |
| ४१ | भवानी पाण्डे | ,, | परिचर |
| ४२ | प्रकाश महता | | घटना भएको घरको भाडावाल |
| ४३ | लक्ष्मी निदाल | | घटनास्थल नजिक घरधनी |

## घटना विवरण

नेकपा (एमाले) को भ्रातृ संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) ले २०६२ वैशाख १६ गते संगठन विस्तार अभियान अन्तर्गत प्राम्भिक कमिटी गठन गर्ने कार्यक्रम  कञ्चनपुर जिल्ला, महेन्द्रनगर नगरपालिका वडा नं. १८ स्थित जनज्योति बहुमुखी क्याम्पसमा आयोजना गरेको थियो। यसका लागि २०६२ वैशाख १५ गते सहायक क्याम्पस प्रमुखसँग अनुमति लिएर १६ गते अपरान्ह साढे पाँच



*विद्यार्थीद्वारा कार्यक्रम गरिएको जनज्योति बहुमुखी क्याम्पस*



*विद्यार्थी नेता महेश पन्त र अर्का विद्यार्थी किरण क्षेत्री लुकेको घर जसको सेनाले झ्यालबाट गोली प्रहार गरेका थिए*

बजेदेखि सोही क्याम्पसको एउटा कोठामा विद्यार्थीहरू कार्यक्रम सञ्चालन गरिरहेका थिए। कार्यक्रम चलिरहेकै अवस्थामा साँझ करिब ६ बजे सूर्य गुल्मबाट उपसेनानी गंगा बरालको नेतृत्वमा करिब ३० जनाको संख्यामा सुरक्षाकर्मीको एउटा टोली आई क्याम्पस हाताभन्दा २ सय मिटर वरैबाट फाइरिङ गर्दै क्याम्पसतर्फ बढे।

फाइरिङका कारण विद्यार्थी नेताहरू नरबहादुर धामी, वचनबहादुर सिंह र महेश पन्त तथा किरण क्षेत्रीलगायत् अन्य विद्यार्थीहरू क्याम्पसबाट भागे। विद्यार्थीहरू भागेपछि सुरक्षाकर्मीले फाइरिङ गर्दै तिनको पिछा गरे। यस क्रममा क्याम्पसबाट झण्डै ४ सय मिटर उत्तरमा नरबहादुर धामीलाई सुरक्षाकर्मीहरूद्वारा नियन्त्रणमा लिइयो भने घरभित्र पस्न सफल भएका अर्का विद्यार्थी किरण क्षेत्रीलाई झ्यालैबाट एक गोली प्रहार गरियो। सो गोलीबाट सामान्य घाइते भएका क्षेत्रीलाई सुरक्षाकर्मीहरूले भित्र गई बाहिर ल्याएर पुन: गोली प्रहार गरे। सोही घरको खाटमुनि लुकिरहेका महेश पन्तलाई सुरक्षाकर्मीहरूले भित्रै गई पिट्दै बाहिर ल्याएर भूइँमा सुताए। त्यसपछि क्रमश: नरबहादुर धामी, महेश पन्त र किरण क्षेत्रीलाई भूइँमा सुताइयो। यसरी भूइँमा सुताइसकेपछि उनीहरूलाई सोधी-सोधी गोली हान्ने काम सुरक्षाकर्मीबाट भयो। जसमा महेशलाई एक गोली दायाँ तिघ्रा र एक गोली अर्को बायाँ खुट्टाको कुर्कुचाभन्दा माथि हानियो। नरबहादुर धामीको बायाँ कानको लोती च्यातिएको छ भने किरण क्षेत्रीको दायाँ र बायाँ तिघ्रामा एक एक गोली हानिएको थियो। भाग्ने क्रममा नाला तरी पारिपट्टिको घरमा पुगेका वचनबहादुर सिंह भित्र पस्न नपाउँदै सुरक्षाकर्मीले घेरी बन्दुकको कून्दा र बुटले हान्दै आ□नो नियन्त्रणमा लिए।



*सेनाद्वारा विद्यार्थीहरुलाई नियन्त्रणमा लिई सुताएर गोली हानिएको स्थल*

## घटनाबारे पीडितहरूलगायत् घटनामा संलग्न अन्य व्यक्तिहरुका भनाइ

### पीडित व्यक्तिहरू

१.नरबहादुर धामी

"हामीले जनज्योति क्याम्पस प्रशासनसँग पूर्व स्वीकृति लिएर २०६२ वैशाख १६ गते साँझ साढे पाँच बजे प्रारम्भिक कमिटीको विस्तारसम्बन्धी कार्यक्रम शुरु गऱ्यौं। कमिटी गठनको प्रक्रिया सकिएपछि म अन्त्यमा नयाँ साथीहरूलाई शपथ गराउँदै थिएँ। करिब छ बजेको हुनुपर्छ, महेश भाइले शाही नेपाली सेना आएको जानकारी गराउनु भयो। त्यसपछि हामीले बाहिर हेऱ्यौं। उनीहरू दुई सय मिटर परबाटै पंक्तिबद्ध भएर फाइरिङ गर्दै आइरहेका थिए। त्यसपछि अब क्याम्पसभित्र नै गोली चल्न सक्छ र धेरै विद्यार्थी साथीहरू मर्न सक्छन् भनेर मैले केही साथीहरूलाई भागौं भने। र, हामी भाग्यौं। त्यसबेला म, महेश पन्त, वचनबहादुर सिंह, किरण क्षेत्री र सुरेन्द्र सिंह धामी भागेका थियौं। हामी भागिसकेपछि उनीहरूले हामीलाई निशाना बनाउँदै फाइरिङ गरिरहे। क्याम्पसबाट झण्डै ४०० मिटर पर गएपछि मेरो नजिकबाटै एउटा गोली गयो। त्यसबेला मैले त मेरो टाउको नै गयो भन्ने ठानेको थिएँ। तर पछि मेरो कानमात्रै गएको रहेछ। भाग्दै गर्दा महेश भाइ र किरण क्षेत्री नजिकैको घरभित्र पस्न सफल भए, बचनजी कता लाग्नु भयो मलाई थाहा भएन। म चाहिं आँगनमै उभिएँ र उनीहरूले मलाई नियन्त्रणमा लिए। त्यसपछि कसैले दुईजना भित्र छन् भन्ने खबर सुनाएपछि त्यो घरको झ्यालैबाट एक जना सैनिकले गोली प्रहार गरेको देखे। मैले साथीहरूलाई भित्रै माऱ्यो होला भन्ने सोचें। एकछिनपछि उनीहरूले किरण क्षेत्रीलाई गोली लागेर घाइते भएको अवस्थामा बाहिर ल्याए। मलाई १५-२० जनाको टोलीले जथाभावी पिटिरहेका थिए। उनीहरूले केही छिन पछि रगताम्य अवस्थामा महेश पन्तलाई पनि घिसार्दै बाहिर ल्याएर सुताए। त्यसबेला महेश भाइले धेरै बिन्ति गऱ्यो। उसले म धर्मानन्दको छोरा हुँ एमालेको भातृ संगठन अनेरास्ववियूको सदस्य हुँ भनेर आफ्नो सबै परिचय दियो। हामीलाई आक्रमण गर्न आएको सैनिकको टोलीमा उसैको घरमा पहिला डेरा गरी बस्ने एक सैनिक पनि सामेल रहेछन्। उनले अंकल तपाई त मेरो घरमा पनि बस्नु भएको हो, मलाई राम्रोसँग चिन्नुहुन्छ, केही नगर्नुस् भन्दा पनि उनीहरूले झन जथाभावी गाली गरे। उल्टै गोली कहाँ हान्ने भन्दै सल्लाह गरी उसलाई एक गोली हाने। यसको त रगत नै आएन भनेर उनीहरूले पुन: अर्को गोली पनि प्रहार गरे। पछि मात्रै थाहा भयो, उनलाई एक गोली तिघ्रामा र अर्को गोली कुर्कुचामाथि हानिएको रहेछ।"



भारतको पिलभित स्थित शारदा अस्पतालमा उपचार गराइरहेका नरबहादुर धामी

यति हुँदैथियो, त्यसपछि महेश भाइको बुबा, आमालगायत् गाउँलेहरूलेको भिड त्यहाँ जम्मा भयो। महेशको बुबाले गोली नहान ऊ मेरो छोरा भन्दा पनि कुनै सुनुवाई भएन। यातना दिइने काम भइनै रह्यो। भगतपुरका स्थानीय बासिन्दा र महेशका घर परिवार आइसकेपछि सेनाले आफ्नो खल्तीबाट हसिया हथौंडा अंकित झण्डा निकाली उनीहरूले आफ्नो मूख छोपे। मलाई पनि उनीहरूले बन्दुकको कुन्दा र बुटले हान्ने काम गरे। किरण क्षेत्रीलाई पनि त्यतिकै यातना दिइराखेका थिए। महेश भाइको परिवार एवं गाउँहरूले निकै कराइसकेपछि अब बन्दुक नचला भन्ने आदेश आएको समेत मलाई थाहा छ, त्यसपछि म वेहोश भएछु।

पछि अस्पतालमा आएपछि मात्रै मेरो होश खुल्यो। यहाँ पनि भारतीय सुरक्षाकर्मी पूर्ण निगरानी गर्ने काम गरिरहेका थिए। हामीले भेट्न आउने व्यक्ति र हाम्रा आफन्तहरूकोसमेत पूर्ण विवरण लिने। मेरो त उनीहरूले सम्पूर्ण इतिहास नै उतारेर लगेका छन्। तर अहिले भने भारतीय प्रहरी

खटाइए पनि त्यति निगरानी गरिएको छैन। अहिले मेरो स्वास्थ्य स्थिति एकदमै खराब भइरहेको मैले महसुस गरिरहेको छु। उनीहरूले सुनियोजित ढंगले हामीलाई मार्ने षड्यन्त्र गरेका हुन्। हामीलाई उनीहरूले नियन्त्रणमा लिएर गोली हान्ने काम गरेका छन्। गाउँलेहरूको प्रतिकारका कारण मात्र उनीहरूले हामीलाई मार्न नसकेका हुन्। हामीले हाम्रो परिचय दिए पनि उनीहरूले सल्लाह गरी गरी गोली हानेका हुन्।"

२. महेश पन्त

"हामी पूर्व निर्धारित कार्यक्रम अनुसार २०६२ वैशाख १६ गते जनज्योति क्याम्पसको ४ नं. कोठामा कार्यक्रम सञ्चालन गरिरहेका थियौं। हामी कार्यक्रमको अन्त्यतिर आइसकेका थियौं। हाम्रो प्रारम्भिक कमिटी गठन भइसकेको थियो। नरबहादुर धामी नयाँ प्रारम्भिक कमिटीलाई सपथ गराउँदै हुनुहुन्थ्यो। साँझको करिब ६ बजेको हुनु पर्छ क्याम्पसभन्दा निकै परदेखि २५/३० जना लाइनबद्ध तरिकाले फायरिङ गर्दै सेनाहरू आइरहेको मैले देखें। त्यसपछि मैले तुरुन्तै सबैलाई खबर गरें। नरबहादुर धामीले हामी यहाँ बस्यौं भने धेरै साथीहरूको ज्यान जान सक्छ, त्यसैले हामी भागौं भन्नुभयो। तत्पश्चात् हामी तुरुन्तै भाग्यौं। भाग्ने क्रममा उनीहरूले हामीलाई लक्षित गर्दै गोली चलाउँदै हाम्रो पिछा गरिरहेका थिए। करिब ४०० मिटरजति पर हामी पुगिसकेपछि नरबहादुर धामीले हामीलाई रोकिन भन्नुभयो। घर नजिकै भएका कारण म एउटा घरभित्रको खाट मुनि गएर लुकेको थिएँ। त्यतिकैमा नजिकैबाट गोली चल्यो। मैले भित्रै साथीहरूलाई मारिसके भनिठानेको थिएँ।

पछि सेनाहरू मलाई खोज्दै म लुकेको ठाउँमा आइपुगे। मलाई बन्दुकको कुन्दा, बुटले हान्दै घर बाहिर ल्याए। बाहिर मैले नरबहादुर धामी र किरण क्षेत्रीलाई सुताएको देखें। मैले सेनासँग धेरै अनुरोध गरे। म विद्यार्थी हुँ, म एमाले समर्थक अनेरास्ववियूको जिल्ला सदस्य हुँ भने। तर उनीहरूले देशद्रोही भन्दै यसलाई गोली कहाँ हान्ने भन्दै एक गोली मेरो खुट्टामा हाने। एक गोलीबाट यसको रगत आएन भन्दै अर्कोले मेरो



*भारतको पिलभित स्थित शारदा अस्पतालमा उपचार गराइरहेका महेश पन्त*

तिघ्रामा गोली हान्यो। त्यसपछि पनि यो त धेरै मोटो रहेछ भन्दै पुन: त्यही प्वालमा गोली हाने। मासुको ठूलो चोक्टा निस्केको मैले देखें। त्यसपछि म मरें जस्तो लाग्यो। मर्ने बेलामा आमा बाबुको मुख हेर्ने मेरो इच्छा भइरहेको थियो। त्यतिकैमा मेरो बुबा, आमा, बहिनीलगायत् अरु गाउँलेहरू चिच्याउँदै आउनु भयो। मैले बुबालाई मर्न लागेकोले अन्तिम बिदाइको लागि बुबाको मुख हेरें। सबै जना रोइरहनु भएको थियो। बुबाले तिमी त मेरो घरमा पनि बसेका हौ, हाम्रो घर तिमीहरूकै व्यारेक नजिक छ, यिनीहरूलाई तिमीहरू सबैले राम्रैसँग चिनेका छौं, गोली नहान, नमार भन्दै हामीतिर आउँदै हुनुहुन्थ्यो। तर बुबालाई हामीतिर आउनै दिइएन। बिरामीहरूलाई अस्पताल लानुपऱ्यो भन्दा पनि हामीलाई छातीमा गोली लाग्दा त मरेका छैनौं भने यिनीहरूलाई त के भएको छ र ? खुट्टामा मात्रै गोली हानेको त हो नि, किन अहिले एम्बुलेन्स बोलाउनु पऱ्यो भन्दै थिए। गाउँलेलाई पनि एम्बुलेन्स बोलाउन दिइएन। परिवारलाई पनि भेट्न दिइएन। मैले धेरै पटक अनुरोध गर्दा र मेरो सम्पूर्ण परिचय दिंदा पनि उनीहरूले हामीलाई नियन्त्रणमा लिएर गोली हानी चरम यातना दिने कार्य गरे। सुनियोजित र षड्यन्त्रपूर्वक तरिकाले उनीहरूले हाम्रो हत्या गर्न खोजेको स्पष्ट देखिन्छ।"

### ३. किरण क्षेत्री

“म भर्खरै अनेरास्ववियू प्रारम्भिक कमिटीको सदस्य बनेको थिएँ। हामीलाई नरबहादुर धामीले शपथ गराउँदै हुनुहुन्थ्यो। शपथ भइरहकै समयमा सेना आएको खबर आयो। हामीले बाहिर हेऱ्यौं, उनीहरूले टाढैबाट गोली चलाउँदै आएको देखेपछि हामी त्यहाँबाट भाग्यौं। करिब ४०० किलोमिटर पर पुगिसकेपछि म एउटा घरमा छिरें। म छिरेको कोठामा झ्यालको खापा थिएन। म किताबले मुख छोपेर बसिरहेको थिएँ। त्यतिकैमा मलाई झ्यालैबाट गोली हानियो। त्यसपछि दुई तीन जना सेनाहरू भित्रै आएर मलाई पिट्दै बाहिर निकाले। त्यसबेला नरबहादुर धामीलाई सुताइएको रहेछ। मलाई पनि सुताइयो। त्यसपछि मलाई ताकेर पुन: गोली हानियो। उनीहरू सल्लाह गर्दै थिए, कोहीले टाउकोमा हान्न भने कोहीले टाउको होइन खुट्टामा हान्नु पर्छ भन्दै हामीलाई चरम यातना दिने काम भयो। त्यसपछि केही छिनमै महेश पन्तलाई उनीहरूले पछार्दै बाहिर ल्याए। हामी तिनै जनालाई चरम यातना दिने काम उनीहरूले गरिरहेका थिए। त्यतिकैमा भगतपुरका स्थानीय बासिन्दा अनि महेशजीको बुबा आमा पनि त्यहाँ आइपुग्नु भयो। उहाँहरूले टाढैबाट नहान भनिरहेका थिए। तर उनीहरूको कुरा कसैले पनि सुनेन। पछि गाउँहरूलेको प्रतिकारका कारण थप गोली भने चलाएनन्। तर हामीलाई अस्पताल ल्याउने कुनै काम उनीहरूले गरेनन्।

मैले म जनज्योति क्याम्पसमा पढ्ने विद्यार्थी हुँ। म माओवादी होइन, मलाई केही नगर्नुस भन्दा पनि उनीहरूले तिमीहरू नै होइन प्रजातन्त्रवादी, तिमीहरू नै हो देश बिगार्ने भन्दै चरम यातना दिए। यो घटनाक्रमले के स्पष्ट पारेको छ भने उनीहरूले सुनियोजित ढंगले हाम्रो हत्या गर्न खोजेकै हुन्। नरबहादुर धामी, वचनबहादुर सिंह र महेश पन्तलाई त्यहाँ नचिन्ने कोही थिएनन्। फेरि नरबहादुर धामी भर्खरै जेलबाट निस्कनु भएको थियो। उनीहरूको मनशाय के थियो भने नरबहादुर धामी, महेश पन्त, वचनबहादुर सिंहलगायतका केही विद्यार्थी नेताहरूको हत्या गरिएमा कञ्चनपुरकै राजनीतिक आन्दोलन समाप्त हुने उनीहरूको विचार स्पष्ट देखिन्छ। तसर्थ, उनीहरूले जे-जस्तो लाञ्छना र कुरा गरे पनि हामीमाथि उनीहरूको प्रहार एकदमै सुनियोजित थियो भन्न सकिन्छ। ठिक छ, उनीहरूले शुरुमा हामीलाई चिनेनन् र फाइरिङ गरे। तर जब नरबहादुर धामी लगायत्का विद्यार्थी नेताहरूले आफ्नो सम्पूर्ण परिचय दिइसकेपछि र उनीहरूले हामीलाई नियन्त्रणमा लिइसकेपछि पनि गोली हान्ने काम गरे।”

### ४. वचनबहादुर सिंह

“१५ गतेको दिन हामीले क्याम्पस प्रशासनसँग क्याम्पस प्रारम्भिक कमिटी गठनको कार्यक्रम गर्न समय माग गरेका थियौं र १६ गतेको लागि क्याम्पस प्रशासनसँग सहमति भएको थियो। सोही अनुरुप १६ गते अन्दाजी चार बजेतिर म, अनेरास्ववियु केन्द्रीय कमिटी सदस्य तथा बहुमुखी क्याम्पस स्ववियू सभापति नरबहादुर धामी, जिल्ला कमिटी सहसचिव महेशप्रसाद पन्त, जिल्ला कमिटी सदस्य ध्रुवराज पण्डित क्याम्पस गयौ। हामीले एकछिन क्याम्पस प्रशासनसँग कुरा गरेपछि पौने पाँच बजेदेखि हामीले कार्यक्रम शुरु गऱ्यौ। कार्यक्रम सकिन लागेको थियो र सपथ ग्रहण हुँदै थियो। महेश पन्तले बाहिर हेर्दा सेना आएको देख्नु भएछ र सेना आयो भन्नुभयो। हामीले बाहिर हेर्दा सेनाले गोली चलायो। माघ १९ को घटनाको विरोधमा सक्रिय भएकोले सुरक्षाफौजले म लगायत्लाई पक्राउ गर्न खोजिरहेको थियो। हामी भने गिरफ्तारी नदिने मनस्थितिमा



*भारतको पिलीभितस्थित शारदा अस्पतालमा उपचार गराइरहेका किरण क्षेत्री*

थियौ। साथै यही वैशाख २६ गतेबाट महाकाली अञ्चल स्तरीय प्रशिक्षण कार्यक्रमसमेत रहेकोले पक्राउ खानु भन्दा भाग्नु बेस भनी अरु साथीहरूलाई भित्रै बस, बाहिर नआउनू भनी हामी भाग्यौ। भाग्दाखेरी पछाडिबाट गोली चल्दै थियो। यस्तैमा नरबहादुर धामीको कानमा गोली

लाग्यो। गोली चल्न नरोकिएकोले अब गिरफ्तारी दिनु पर्छ भनी हामीले सल्लाह गरी हात टाउकोमाथि राखी अडियौं। गोली चल्न रोकिएन। झन् हाम्रो जीउको वरीपरी नै आउन थालेपछि कुनै अन्य निर्णय गर्न नसकी फेरि छरिएर भाग्यौ।

भाग्ने क्रममा म सुकेनाला खोलातर्फ लागें। खोलानेर पुग्दा मेरो एउटा हातमा रहेको डायरीमा गोली लागी डायरी उछिट्टियो। त्यसले गर्दा म खोलाको ओरालोमा लडें। अगाडि सर्प आएकोले खोलामा पसें, पुनः उठेर दौडिदै खोलापारी पुगें। सँगैको घरमा छिर्न खोज्दा उक्त घरवालाले ढोका बन्द गरे। त्यसपछि अर्को घरमा गएँ। त्यहाँपनि ढोका नखोलेपछि म माओवादी होइन भनी कराई ढोका खोल्न आग्रह गर्दै थिएँ, २० मिटर जति परबाट सेना मतिर बन्दुक ताकी आएको देखें। मैले आफ्नो परिचय दिंदै निरन्तर म माओवादी होइन भनिरहें। तर त्यसमध्येका एक सैनिक आई मेरो दुवै तिघ्रामा बन्दुकले हाने पुनः छातीनेर हान्यो। कति बलियो रहेछ अझै लडेन भनी कराउदै पछाडिपट्टिबाट अर्को सैनिकले कून्दाले टाउको पछाडीको भागमा हान्दा म लडें। उनीहरूले बन्दुक तेर्स्याउँदै, हिंड् भन्दै अगाडि लगाई आए। खोलानेर पुग्दा ३/४ जना सैनिकले कुटपिट गरे र अब भाग भने। मैले भाग्दिन भनेपश्चात् तँ राष्ट्रघाती, राष्ट्र बिगार्ने भन्दै अर्कोले गोली हान्न लाग्यो। त्यस्तैमा अर्को एकले ए गोली नहान भन्यो र अर्कोले कुट्न थाल्यो। खोलानेर भएकोले खोलाको डिलबाट तलतिर लडें। फेरि भाग भनी कराए तर म भागिनँ। किनभने भागेपछि उनीहरूले गोली हान्ने निश्चितजस्तो लागेको थियो। अनि ३ जनाले मलाई अगाडि लगाउँदै खोला तारे।

बाटोमा कुटदै पिट्दै ल्याइरहेको बेला मैले एक जना सिपाहीले झ्यालबाट घरभित्र गोली हानेको देखें। यस्तैमा पिटाइको कारणले म भूईंमा लडें। त्यहीं मलाई बुटलेसमेत हान्न थाले। फेरि अर्को गोली चल्यो, हेर्दा महेश पन्तलाई भूईंमा लडाएर गोली हानिएको रहेछ। त्यस्तैमा मेरो पछाडिपट्टिका एक सैनिक ए गोली नहान भन्दै उता दौडिए। मलाई अगाडि लैजादै गर्दा बालुवाको थुप्रोनेर पुऱ्याई पुनः कुटपिट गर्न थाले। ए घाउ लाग्छ होला भनी मेरो शरीरमा तीनवटा बन्दुक राखी (घुडानेर, छातीनेर, पेटनेर) माथिबाट बन्दुक तथा बुटले जथाभावी हान्न थाले। मेरो नाकमुखबाट रगत बग्न थाल्यो। म केहीबेर अचेत भएछु। उनीहरूले मलाई उठाई तान्न थाले र सडकनेरको चोकको नहर छेउको खेतमा पुऱ्याई लम्पसार पारी सुत्न लगाए। पानी प्यास लागेकोले पानीको इशारा गर्दा नजिकै रहेकी एक महिलाले ल्याई दिएको गिलासको पानी पनि लात हानी फ्याँकिदिए। त्यसपछि फेरि म अचेत भएछु। करिब एक घण्टा जतिपछि कारागार शाखाको प्रहरी इन्सपेक्टरले मलाई बोलाई नाम सोधे। ल उठेर बस्नोस भने, त्यसपछि अब म बाँच्छु होलाजस्तो लाग्यो। तर अरु साथीहरू मारिए भन्ने सम्झें।

९:३० बजेको समयतिर मलाई अस्पताल पुऱ्याइयो र त्यसपछि मलाई मेजरले जिल्ला प्रहरी कार्यालय लगे। उनले केही सोधपुछ गरे। मैले मेरो सुनको औठी हरायो भनें, मेजरले खोजिदिने आश्वासन दिए। अनि प्रहरीले कागजमा सहीछाप गर भने। पढी हेर्दा विद्यार्थीहरू भागे, अनि गोली चलाएको भन्ने लेखिएको रहेछ। मैले विरोध गरें, गोली चलेपछि मात्र हामी भागेको भनें। तर उनीहरूले यसमा खास केही होइन भन्दै जबर्जस्ती सही गराए। त्यसपछि मलाई फेरि अस्पतालमा लगियो। भर्ना गर्ने भनी बेडमा सुताए। वडा प्रहरी कार्यालयका इन्सपेक्टर गणेश शाह आएर मानसिक यातना दिने खालका कुराहरू गर्न थाले। मलाई एक्सरे गर्न लैजान लाग्दा यसलाई सहारा दिनु पर्दैन बलियो छ भनी सहारा दिनेलाई नै गाली गरे। अस्तपतालमा भर्ना गर्न लागेकोमा निजले पर्दैन भनी पुनः जिप्रका पुऱ्याए। भोलिपल्ट बिहान पुनः वडा इन्सपेक्टर गणेश शाह आई माइण्ड नगर्नुहोला भन्न थाले। पछि अञ्चलाधीशको कार्यालयमा बोलाएको छ, जाऊँ भनी प्रहरीले भने। मैले मानिनँ। अनि अञ्चलाधीश जिल्ला प्रहरी कार्यालयमा आएका थिए। म कहाँ उनी आएनन्। हालसम्म पनि आफ्नो उपचार गराइरहेको छु। मेरो पनि स्वास्थ्यमा निकै असर परेको छ।"

## घटनाका प्रत्यक्षदर्शीहरू

### १. विष्णु अर्याल (बि.एड. जनसंख्या, दोश्रो वर्ष)

"कक्षा चलिरहेको थियो। नरबहादुर धामी, बचनबहादुर सिंह र महेश पन्त क्याम्पस चिफ सरसँग अनुमति लिएर हाम्रो कक्षामा आउनुभयो। त्यसपछि उहाँहरूको कार्यक्रम शुरु भयो। कार्यक्रम चल्दै थियो। अर्को पिरीयड शुरु भएपछि र कमिटी गठन भइसकेपछि म चाहिँ त्यो कोठा छोडेर अर्को कोठामा आएर बसें। हाम्रो कोठाको झ्याल ढोका खुल्लै थियो। त्यत्तिकैमा चारैतिरबाट सुरक्षाकर्मीहरू आए। शुरुमा हवाइ फायरिङ गरे। शायद माओवादीको आशंकामा प्रतिक्रिया लिन होला। उनीहरू दुईवटा माइक्रोबस र एउटा जीप भ्यानमा आएका थिए। उनीहरूको कमाण्डर चाहिं सादा पोशाकमा थियो। त्यसपछि बचनबहादुर सिंहहरू भागे र हामीले डराएर झ्याल ढोकाहरू बन्द गऱ्यौं। त्यसपछि करीब ३०/३५ मिनेटपछि हामीहरू क्याम्पसबाट घर जान निस्क्यौं। त्यसै क्रममा मैले बचनबहादुर सिंहलाई उत्तानो पारेर खेतमै सुताएको देखें। तर बाटोमा निस्केपछि हामीलाई सेनाले अहिले एकछिन कतै नजानूस् सोधपुछ, हस्ताक्षर गर्नुपर्छ भनेर बाटैमा रोकेर राखे। त्यहाँ केटा र केटीको छुट्टै लाइन लगाइएको थियो। उनीहरूले केटीहरूलाई चाहिँ छुट्टै लगेर सोधपुछ पनि गरे तर मलाई चाहिँ केही पनि सोधेनन्। हामीलाई आठ बजे तिर मात्रै घर जान दिइयो।"

२ शोभानदत्त जोशी (बि.एड. जनसंख्या, दोश्रो बर्ष)

“प्रारम्भिक कमिटी गठन गर्ने हाम्रो कार्यक्रम करीब साढे पाँच बजेतिर शुरु भयो। कार्यक्रममा बचनबहादुर सिंह, महेश पन्त र नरबहादुर धामी आउनु भएको थियो। महेश पन्त कार्यक्रम सञ्चालक हुनुहुन्थ्यो। बचनबहादुर सिंह र नरबहादुर धामीले भाषण गर्नुभएको थियो। अघिल्लो पिरीयड सकिएपछि हामी १६/१७ जना जति मात्रै त्यो कोठामा  थियौ। नरबहादुर धामीले नया प्रा क सदस्यहरूलाई शपथ ग्रहण गराइरहनु भएको थियो। अकस्मात महेश पन्तले सेना आयो भन्नु भयो र हामी कोठाबाट बाहिर बरण्डामा निस्क्यौं। सेना एकदम आक्रमण गर्ने जस्तो पोजिशनमा थियो। त्यत्तिकैमा सेनाको तिरबाट समात् समात्, हान्, हान्, भन्ने आवाज आएपछि केही साथीहरू त्यहाँबाट भाग्नु भयो । म चाहिँ अर्कोपट्टि सरले पढाइरहेको कोठामा पसेर बसेँ। त्यसको लगत्तै ६/७ पटक फाइरिङ भयो। म कोठामै बसिरहेँ। फाइरिङ रोकिएपछि हामी बाहिर निस्क्यौं र म घर तिर लागेँ । बाटोमा सेनाले मलाई त्यतातिर के हुँदैछ भनेर सामान्य सोधपुछ गरेको थियो। त्यही बेला मैले थुप्रै मान्छेहरू महेश बाबु, महेश बाबु भन्दै रोइरहेको सुनेँ।”

३. पार्वती विष्ट (वर्ष, २२ वि. एड पहिलो वर्ष, जनज्योति क्याम्पस)

“हामी अनेरास्ववियूको प्रारम्भिक कमिटी गठन गर्ने मिटिङमा बसिरहेका थियौं। महेश पन्तजीले आर्मी आए भनेपछि हामीले पनि हेर्‍यौं। २५/३० जना सेना क्याम्पसतर्फ फाइरिङ गर्दै अगाडि बढ्दै थिए। नरबहादुर धामीसमेतका विद्यार्थी नेताहरू तपाईहरू यहीं बस्नुहोस् हामी चाहिं भाग्छौ भनी उहाँहरू क्याम्पस पछाडितर्फ भाग्नु भयो। सेना फाइरिङ गर्दै उनीहरूको पछि लागे। हामी घर जान भनी चोकतिर गयौं। को कति घाइते भए केही थाहा थिएन। सेना र प्रहरीले हामीलाई करिब साढे आठ बजेसम्म चोकमा राखें। घटनाको बारेमा भिडियो खिच्दै थिए। हामीले अठ्यारो मानेपछि म च्यानल नेपालबाट आएका पत्रकार हुँ डराउनु पर्दै भनी लगातार छायांकन गर्दै थिए। त्यसपछि हामीलाई घर जान दिइयो। अरु घटनाका विवरण भोलिपल्ट मात्रै थाहा भयो।”

४. चन्द्राकुमारी (वि. एड पहिलो वर्ष, जनज्योति क्याम्पस)

“अनेरास्ववियूको प्रारम्भिक कटिमी गठन गर्ने भनेकोले २५ जना जति साथीहरू मिटिङमा बसिरहेका थियौं। महेश पन्तजीले आर्मी आए भनेपछि हामीले पनि हेर्‍यौं। २५/३० जना सेना क्याम्पसतर्फ फाइरिङ गर्दै अगाडि बढ्दै थिए। नरबहादुर धामीसमेत क्याम्पस पछाडितर्फ भाग्नु भयो। फाइरिङ गर्दै सेना उनीहरूको पछि लागे। हामी घर जान भनी चोकतिर गयौं। को कति घाइते भए केही थाहा थिएन। सेना र प्रहरीले हामीलाई करिब ८:३० बजेसम्म चोकमा राखें। च्यानल नेपालबाट आएका पत्रकार हुँ भनी छायांकन गर्दै थिए। सेनाले बचन सिंहलाई चोक नजिकै नहर छेउको खेतमा लडाएर राखिरहेको थियो। उहाँलाई आतंककारी हो भनी गाली गर्दै पनि थिए। त्यसपछि हामीलाई घर जान दिइयो। घटनाका अरु विवरण भोलिपल्ट मात्रै थाहा भयो।”

५. धर्मानन्द बडु (वि. एड दोस्रो वर्ष, जनज्योति क्याम्पस)

अनेरास्ववियूको प्रारम्भिक कमिटी गठन गर्ने भनेकोले २५ जना जति साथीहरू मिटिङमा बसिरहेका थियौं। कार्यक्रम सकिने बेलातिर २५/३० जना सेना क्याम्पसतर्फ फाइरिङ गर्दै क्याम्पसतिर आउँदै थिए। हामी डराएर दायाँ बायाँ लाग्यौं। नरबहादुर धामी, वचनबहादुर सिंह, महेश पन्तहरू क्याम्पस पछाडितर्फ भाग्नु भयो। सेना फाइरिङ गर्दै उनीहरूको पछि लागे। १५/२० मिनेट पछि चोकतिर गयौं। केही समयपछि बचन सिंहलाई सेनाले अगाडि लगाउँदै चोकनिर पुर्‍याए। अनि खेतमा सुताइराखे। हामीलाई करिब ८:३० बजेसम्म चोकमा राखें। खाली कागजमा नाम, उमेर, पेशा लेख्न लगाइयो। अनि भोलि जिल्ला प्रहरी कार्यालयमा उपस्थित हुनु भनी घर जान दिइयो। भोलिपल्ट जिल्ला प्रहरी कार्यालय जाँदा सम्पर्क टेलिफोन नम्बर लिएर अन्य केही सोधपुछ नगरी छोडिदिए। त्यसपछि वैशाख १८ गते सेनाको कर्णेलसहितको टोली आएर क्याम्पसका सरहरूसँग कुरा गरेर गएका पनि थिए।

६. नवराज जोशी (उपप्राध्यापक, बि. एड. पाठ्यक्रम बिषय)

त्यो दिन मेरो कक्षा शुरु भएको करीब ५ मिनेट जति भएको थियो। बचनबहादुर सिंहलगायतका बिद्यार्थीहरूले सर हामीलाई एकछिन कक्षा छोडिदिनु पर्‍यो भने। मैले क्याम्पस चीफसँग कुरा गरेको छ कि छैन भनेर सोधेँ। उनीहरूले कुरा भइसकेको जानकारी दिएपछि मैले बिद्यार्थीहरूलाई के गर्ने भनेर सोधेँ। उनीहरूले पनि ठीकै छ कार्यक्रम गर्न दिउँ भनेपछि मैले कक्षा छोडिदिएँ र पाँच दश मिनेट जति आफिसमा आएर बसेँ। त्यसपछि म घर तिर गएँ। भोलिपल्ट चाहिँ पत्रिका पढेर यस्तो भएछ भन्ने कुरा बल्ल थाहा पाएँ।

७. भवानी पाण्डे (परिचर, जनज्योति क्याम्पस)

त्यतिबेला हामी क्याम्पसमा म, खाती सर र लक्ष्मी बडु म्याडम मात्रै थियौ। म अफिस कोठामा काम गरिरहेको थिएँ। त्यत्तिकैमा बाहिर गोली पड्केको आवाज सुनेर बाहिर निस्क्यौं। बाहिर सेना गोली चलाउँदै दौडिरहेका थिए। क्याम्पस लगभग बन्द भइसकेको थियो।  मैले बचनबहादुर

सिंहलाई एक जना सेनाले बन्दुक ताक्दै खेतैखेत दौडाएको देखें। बिद्यार्थीहरू बाहिर निस्केपछि म पनि घर जान निस्कें। तर सेनाले एकछिन अगाडि नबढ्नुस् भनेर बाहिर बाटोमा अरुलाई पनि रोकेको रहेछ, मलाई पनि रोक्यो। पछि उसलाई रोडको तलतिर खेतमा घोप्टो पारेर सुताएको देखें। बिद्यार्थीहरूलाई केटा र केटीको छुट्टा छुट्टै लाइन लगाएर बयान लिइरहेको थियो। सेनासँग क्यामेरा पनि थियो र केटीहरूलाई लाइनबाट बेग्लै लगेर बयान लिएको थियो। बयान लिने क्रममा उनीहरूले फोटो पनि खिचेका थिए। म सँग चाहिँ केही पनि सोधेन र साढे आठ बजेतिर उनीहरूले जान दिएपछि म घर गएँ।

**८. प्रकाश महत (पीडितहरू लुकेको घरमा डेरा गरी बस्ने, वर्ष २८, महेन्द्रनगर नगरपालिका वडा न .१८)**

कोठामा बसिरहेका थियौं गोलीको आवाज आयो वाहिर निस्केर हेर्नमात्र लागेको थिए, तीनजना व्यक्तिहरू दौडिदै मेरो घरमै आईपुगे। म ढोकानेर उभिएको थिए,दुई जना मेरो अगाडिबाट र एकजना मेरो पछाडिबाट घरभित्र पसे। त्यत्तिकैमा सेना पनि दौडिदै घरनेर नै आईपुगे। घरका मानिसहरूलाई वाहिर निस्कन भनी आदेश दिए। म पनि वाहिर निस्किएँ। हामीलाई करिब घटनास्थलंवाट माथि चोकतिर पठाए। गोली चलेको आवाज आयो। झयालवाट भित्रपट्टि गोली हानिएको रहेछ, त्यसको १० मिनेट जति पछि यही भगतपुर बस्ने महेश पन्तलाई पनि पूर्वपट्टिको ढोकावाहिर निकालियो। त्यसपछि मैले केही देख्न पाइन। सेनाहरू गैसकेपछि  घर फर्कि कोठामा र खेतमा लागेको रगत पानीले धोइ वालुवा तथा माटोले छोपिदिए। राति लगभग ८:०० बजेको समयमा पुन: सैनिकह्रु आई कोठाभित्र र वाहिर खेतमा लागेको रगत छोप्न भने र आफैले पनि छोपे। १९ गतेको दिन दिउसो २ जना हतियारसहित र २ जना सादा पोशाकका सेना आई घटनाको वारेमा सोधपुछ गरेका थिए। निजह्ररु आएको गाडीमा थप ४ जना जति व्यक्ति पनि थिए।

**९. झुमेश्वरी पन्त (१७) (घाइते महेश पन्तकी बहिनी, महेन्द्रनगर नगरपालिका वडा न .१८)**

दिउसो ४ बजेतिर महेश दाईको साथी बचनसिहको फोन आएको थियो। मिटिङमा जाने भनी दाइले कुरा गर्दै हुनुहुन्थ्यो। अन्दाजी ६ बजेको समयमा म खाना पकाउदै थिए ,बुवा पनि अफिसवाट आई कोठामा बसिरहनु भएको थियो। गोलीको आवाज सुने। बाहिर हेर्दा सेना दगुर्दै आइरहेको देखे, बुवालाई पनि खवर गरे। बाहिर निस्की हेर्दा महेश दाई जस्तै मान्छे खेतबाट दौडिदै नहरतिर जादै गरेको देखी ठूलो स्वरले महेश दाईलाई सेनाले लखेटदैछ भनी बुवालाई भने। हतार हतार बाहिर निस्कीयौ। बुवाले पनि वरीपरीका छिमेकीलाई बोलाउदै घटनास्थलतिर दौडिनु भयो। त्यसै वेला ३ गोलीको आवाज सुनियो, हामी घटनास्थल पुग्दा दाईलाई प्रेम सिह निदालको घर अगाडी सुताइ राखेको देखे। यतापट्टि अन्य २ जनालाई पनि लडाई राखेको देखे। बुवा रुन कराउन लाग्नु भयो। मेरो छोरा हो, हाम्रै छोराहरू हुन नमार, गोली नहान भन्दा पनि सेनाका सिपाहीहरूले जथाभावी गाली गलौज गरी बुवालाई नै गोली हान्न ताक्न थाले, तर छिमेकी महिलाहरूले बुवालाई बचाए। घाइतेहरूलाई लैजान एम्बुलेन्स वोलाउ भन्दा सिपाहीहरूले मरेको त छैननि भनी गाली गरे। उक्त सेनाको टोलीमा एकजना सिपाही पहिले हाम्रो घरमै डेरा गरी बस्ने समेत थिए। घटनाको भोलिपल्ट तथा पर्सिपल्ट दिनमा २।३ पटक फोन गर्ने, फोन गर्दा नाम नभन्ने, काठमाण्डौवाट फोन गरेको भन्ने र दाई महेश पन्तको स्थिति कस्तो छ भनी सोधेका थिए।  त्यस्तो फोन सेनावाट नै आएको हुन सक्छ।

**१०. लक्ष्मी निदाल (४०) ,प्रेमसिंह निदालकी पत्नी, महेन्द्रनगर नगरपालिका वडा न .१८**

गोली चलेको, सेनाहरू दौडिदै घरतिर आएको देखेपछि ढोका थुनेर भित्र बसें, श्रीमान वाहिर गएको र साना साना वच्चाह्रु मात्र भएकाले अत्यन्त डरलाग्यो। रातभर नसुती बच्चाहरूलाई समातेर बिताए। ढोका थुनेर नै खाना पनि पकाएर खाए, खुवाए तर वाहिर आइन। भोलीपल्ट वाहिर निस्कदा आगनमा माटोको डल्लाहरू देखे, रगत छोपेको होला भन्ने लाग्यो।

**११. निर्मला पन्त (घाइते महेश पन्तकी आमा, महेन्द्रनगर नगरपालिका वडा न .१८)**

अन्दाजी ६ सवा ६ बजेतिर होला। श्रीमान अफिसवाट आई कोठामा बसिरहनु भएको थियो। गोलीको आवाज सुने। बाहिर हेर्दा सेना दगुर्दै आइरहेको देखे, छोरीले हेर्दा महेश दाई सेनाले लखेटदैछ भनि हतार हतार कराउन थाली बाहिर निस्की हेर्‍यौ। श्रीमानले पनि वरीपरीका छिमेकीलाई बोलाउदै घटनास्थलतिर दौडिनु भयो। म पनि त्यतै दौडिए, ३ गोलीको आवाज सुनियो। हामी घटना स्थल पुग्दा छोरालाई प्रेम सिह निदालको घर अगाडी सुताइ राखेको देखे। यतापट्टि अन्य २ जनालाई पनि लडाई राखेको देखे। म र मेरो श्रीमान मेरो छोरा हो नमार, गोली नहान्नुस् भनी कराउन थाल्यौ। सिपाहीहरूले जथाभावी गालीगलौज गरी श्रीमानालाई नै गोली हान्न ताक्न थाले। तर छिमेकी महिलाहरूले बचाए। फेरी हामीले घाइतेहरूलाई लैजान एम्बुलेन्स वोलाउ भन्दा सिपाहीहरूले मरेको त छैननि भनी गाली गरे। छोरालाई पानी खान देउ भन्दा पनि पानी खान दिएनन्। हामी आफै बोकर भएपनि अस्पताल लैजान्छौ भन्दा लैजान दिएनन्। त्यत्तिकै लडाई राखे। त्यसपछि छोरीलाई घरमा गई एम्बुलेन्सका लागि फोन गर भनि पठाए। अन्दाजी ४० मिनेट जतिमा  एम्बुलेन्स आई छोरा र अन्य घाइतेलाई अस्पताल लग्यो।

### १२. लक्ष्मी भट्ट (घाइते महेश पन्तको फूपु महेन्द्रनगर नगरपालिका वडा न .१८)

हामी भदै महेश पन्त तथा अन्य व्यक्तिलाई लडाईरहेको ठाउंमा आई हाम्रै छोराहरू हुन, माओवादी होइनन किन गोली हान्यौ नहान, नमार भनी कराउन थालेपछि ती मध्येका एकले सानो लठ्ठीले हामीतिर जताभावी प्रहार गर्न थाल्यो। त्यस्को प्रहारले मेरो खुट्टामा निलडाम समेत भएकोछ। भासीखोला (सुकेनाला) पारीवाट एकजनालाई २।३ जना सिपाहीले पक्री यता ल्याए। अगाडि हिंड्न लगाई पछाडि पट्टिबाट कुटपिटसमेत गर्दै वाटोवाट उत्तरतर्फ वा चोकतर्फ लग्दै गरेको पनि देखे। त्यसपछि एमवुलेन्स वोलाउन भनी हामीले एम्बुलेन्स वोलाउनतिर लाग्यौ।

### १३. कृष्ण चौधरी (महेन्द्रनगर नगरपालिका वडा न .१८)

५ जना मानिसहरू दौडिदै आए, पछाडिबाट सेनाले लखेटदै आयो। सुकेनाला खोलापारीबाट पनि सेनाहरू आए, ३ जना सिपाहीले एकजनालाई ( बचन सिंहलाई) अगाडिपट्टि लगाई बन्दुकले पिट्दै ल्याएका थिए। त्यसैबेलातिर अगाडी पट्टिको बन्दै गरेको घरमा सिपाहीले झ्यालवाट भित्रपट्टि गोली हान्यो। अनि फेरी एक छिनमा अर्को गोली चल्यो, अलि टाढा भएकोले के भयो यकिन साथ भन्न सक्दिन।

### १४. कृष्णराज भट्ट (महेन्द्रनगर नगरपालिका वडा न.१८, किराना पसले)

सेनाहरू २ वटा गाडीमा आई क्याम्पस भन्दा करीव २५० मीटर उत्तरमा रोकिई सबैजना उत्रिदै दौडिदै क्याम्पसतिर लागे। ५० मीटर जतिअगाडि बढेपछि गोली हान्न थाले। सुकेनाला खोला पारी पनि एउटा माइक्रो वसमा सेनाहरू आएका थिए। क्याम्पसको ४ नम्वर कोठावाट विद्यार्थीहरू भागे। सेनाले गोली चलाउदै कोही क्याम्पसको दायाँ, कोही वायाँ र कोही खोलानिरको बाटोवाटै लखेटदै गए।

### १५. हरिसिह खाती (निमित्त क्याम्पस प्रमुख जनज्योती क्याम्पस)

वैशाख १५ गतेको दिन नरवहादुर धामीसमेतका विद्यार्थी नेताहरूले संगठन विस्तारको कार्यको लागि १६ गतेको कुनै एक कक्षा दिनको लागि अनरोध गर्नु भएको थियो र सो अनुसार हामीले मौखिक सहमति प्रदान गरेका थियौ। १६ गतेका दिन नरवहादुर धामी, बचन सिंह, महेश पन्तसमेतका विद्यार्थीहरू करीव ४ बजेको समय देखि म संगै क्याम्पस प्रशासनमा हुनुहुन्थ्यो। उहाँहरूले ४:४५ पछिको अन्तिम एक कक्षा माग्नु भयो र सो अनुसार सो कक्षा कुरेर बस्नु भएको थियो। उक्त दिन ४:४५ बाट शुरु हुने म्याथ र पपुलेसनका कक्षाहरू छोडिदिन सम्वन्धित शिक्षकलाई पनि भनिएको थियो, त्यसपश्चात् म आफ्नो काम गर्दै थिए। लक्ष्मी बडु मेडम र परिचर भवानी पाण्डे म सँगै थिए। गोली चलेको आवाज सुने, वाहिर हेर्दा आर्मीहरू दौडिदै क्याम्पसतर्फ आइरहेको र विद्यार्थीहरू यताउता भाग्दै गरेको देखें। केही विद्यार्थी र सैनिकहरू दौड्दै क्याम्पस पछाडितिर लागे। गोली चलेको आवाज पनि सुने। के भयो भन्ने थाहा हुन सकेन। अनि हामी क्याम्पस बन्द गरी चोकतिर जान लाग्दा सेनाले हामीलाई त्यही राखिरह्यो। करिब एक घण्टाजति पछि प्रहरीले खाली कागजमा म र केही विद्यार्थीलाई सही गर्न लगाई भोली जिल्ला प्रहरी कार्यालयमा आउनू भनी पठाए। त्यसबीचमा एम्बुलेन्सबाट घाइते विद्यार्थीहरूलाई अस्पताल लगिएको थियो। भोलिपल्ट प्रहरी कार्यालयमा गए र अघिल्लो दिन सही गरेको खाली कागजमा मैले भनेकै बयान लेखिएको रहेछ। प्रहरीले देखाए र ठिकै छ जानुस भनी पठाए।

### १६. धर्मनन्द पन्त (पीडित महेश पन्तका पिता)

छोरा महेश पन्तसमेत अनेरास्ववियू समर्थित विद्यार्थी नेता नरबहादुर धामी, बचन सिंह संगठनमा संलग्न थिए। उक्त दिन जनज्योति क्याम्पसमा प्राम्भिक कमिटी गठन गर्न मिटिङमा गएका रहेछन्। छोरीले महेशले फोन कुरा गर्दा थाहा पाएकी रहिछ। करिब ६ बजेको समय थियो। म कोठामा बसिरहेको थिएँ, गोलीको आवाज सुनियो।  छोरी कराउँदै बाहिर निस्की। म पनि बाहिर निस्कदै थिएँ, छतबाट हेर्न। छोरीले छोरा महेश पन्त भाग्दै गरेको चिनिन र झन बोलाउन थालिन। म पनि माथिबाट हेर्दा छोरालगायत् अरु पनि भागिरहेको देखें। सबै गाउँलेहरूलाई बोलाउँदै घटनास्थलतर्फ दौडिएँ। हामी दौडदै गर्दा तीन गोली चलेको आवाज सुनिएको थियो। दानबहादुर कार्की र प्रेम सिंह निदालको घरको बीच आगनमा तीन जना केटाहरूलाई लडाइ राखिएको थियो। उत्तरतर्फ दुई जनालाई र दक्षिणतर्फ एक जना थिए। पछि चिने कि मेरो छोरा महेशलाई घोप्टो पारी सुताइएको रहेछ। मलाई देख्ने वित्तिकै छोराले बुवा मलाई बचाउनुहोस भन्यो। म पनि मेरो छोरा आतंककारी होइन, न पिट, नकुट, गोली नहान भनी कराउन थालें। एउटा सिपाहीले मतिर बन्दुक तेर्स्याइ गोली हान्दिऊ भनी झम्टेर आयो। गाउँले महिलाले मलाई बचाए। छोराको टाउको र खुट्टाबाट रगत बगिरहेको थियो। अन्य घाइतेहरूको पनि रगत आइरहेको थियो। हामीले एम्बुलेन्स बोलाउ भन्दा उल्टो सिपाहीहरूले जथाभावी गाली गरे। हामी आफैं लिएर जान्छौं, अस्पताल लान देऊ भन्दा पनि दिएनन्। त्यसपछि छोरी समेतलाई एम्बुलेन्स बोलाउन घरमा दौडाए। करिब ७:४५ सम्ममा घाइतेहरूलाई अस्पताल पुऱ्याइयो। मैले पत्रकार, वकिल आदिलाई फोन गरी अञ्चल अस्पतालमा बोलाए। अस्पतालमा आइपुगेका वडा इन्सपेक्टर गणेश शाहले जथाभावी बोली दूर्व्यवहार गर्न थाले। त्यसपश्चात् अञ्चलाधीश, सिडियो र मेजर आई काठमाडौं पठाउने कि भारत पठाउने भन्ने छलफल गरे र पछि भारतस्थित पिलीभितमा पठाउने तयारी गरे। त्यसपछि दुई वटा गाडीमा घाइतेहरूलाई पिलीभित पठाइयो। म भोलिपल्ट अस्पताल गएँ। करिब २५/३० भारतीय प्रहरीले अस्पताल घेरिरहेको थियो। उनीहरूले

माओवादीहरू उपचार गराइरहेको भनी नयाँ दिल्लीबाट खबर आएपश्चात् अस्पताललाई घेरा हालेका रहेछन्। हामीलाईसमेत कडा सोधपुछ गरियो। तलमाथि हिड्दा समेत गार्ड पठाउनेसमेत कार्य गरियो। पछि स्थानीय भारतीय प्रहरीको प्रमुखसंग समेत कुरा गरें। तर कञ्चनपुर प्रहरीबाट आधिकारिक पत्र नआएसम्म हामीले छाड्न मिल्दैन भने। त्यसपछि कञ्चनपुर प्रहरीलाई जानकारी गराइयो। त्यहाबाट चिठ्ठी आएपश्चात् मात्र उनीहरूले घेरा हटाए। तर पनि अहिले तीन जना भारतीय प्रहरीहरू तैनाथ गरिएका छन्। नेपाली सुरक्षा फौजबाट समेत एक जना सैनिक र एक जना प्रहरीलाई तैनाथ गरिएको छ। औषधी उपचार खर्चको हकमा, अस्पतालसँग सम्बन्धित खर्च सुरक्षाफौजले व्यहोरिरहेको छ। खाना लगायतका खर्चहरू हामी आफैले गरिरहेका छौं।

## राजनीतिक दल तथा नागरिक समाजको भनाइ

**१. पदम बोगटी, नेपाली कांग्रेस(पजातान्त्रिक) जिल्ला कमिटी सचिव**

हामीलाई यस अघि पनि पटक पटक सुरक्षाकर्मीहरूद्धारा मानसिक यातना दिने काम हुँदै आएको छ। उनीहरुले जहाँ भेटे पनि राजनीतिक कार्यकर्ताहरूको खुट्टा भाँच्छु भन्ने, लगायतका धम्कीहरू दिदै आएका थिए। यो घटना आन्दोलनमा लागेका कार्यकर्ताहरूको मनोबल गिराउन गरिएको आक्रमण हो। त्यस दिन हामी एउटा बैठकमा थियौ। त्यसैबेला हामीलाई जेलको पछिल्तिर भीडन्त भइरहेको छ भन्ने खबर आयो। यस अघिपनि उक्त जेलमा आक्रमण भइसकेको हुँदा हामीले फेरि पनि माओवादीले आक्रमण गरे होलान् भन्ने कुरा सोच्यौं। तर पछि थाहा भयो तिनीहरू त बिद्यार्थीहरू रहेछन्। त्यतिबेला चार जना लाई गोली हानिएको र एकजनाको मृत्यु भइसकेको भन्ने हल्ला चलेको पनि थियो।

**२. राजेन्द्र रावल, नेकपा एमाले जिल्ला कमिटी सचिव**

प्रशासनले कार्यक्रम गरिरहेका हाम्रा साथीहरूलाई नचिनेर आक्रमण गरेको भनेको छ। यो सरासर गलत हो। महेश थापा हाम्रो अनेरास्ववियुका कार्यकर्ता मात्रै होइनन्, कराँतेका ब्ल्याकबेल्ट खेलाडी पनि हुन्। महेन्द्रनगरमा उनलाई नचिन्ने मान्छे कमै छन्। आक्रमणमा संलग्न कतिपय सिपाहीहरू उनकै घरमा भाडामा बसेकाहरू पनि छन्। अर्कोकुरा उनीहरूले कार्यक्रम गर्ने अघिल्लै दिन क्याम्पस प्रमुखसँग क्याम्पसमै गएर भोलि हाम्रो यस्तो कार्यक्रम छ है भनेर स्वीकृती लिएका थिए। माओवादी भएको भए भोलिपल्ट हुने कार्यक्रमको लागि त्यसरी अगाडि नै स्वीकृती लिन आउँछन् ? अझै त्यही दिन पनि कार्यक्रम शुरु हुनु भन्दा २/३ घण्टा अगाडि देखि उनीहरू क्याम्पसमै बसेका थिए।

महेन्द्रनगरमा बिद्यार्थीहरू माथि यस किसिमले आक्रमण भएको यो पहिलो पटक होइन। यस अघि पनि बचन बहादुर सिंहलाई गोली हानिएको थियो। यस पटक पनि लगातार गोली हानेपछि उनीहरू अन्य बिद्यार्थीहरूलाई केही नहोस् भनेर भागेका हुन्। यदि उनीहरू नभागेर त्यति धेरै बिद्यार्थीसँगै बसिरहेको भए, त्यहाँ बिद्यार्थीहरूको लाशको थुप्रो लाग्ने थियो।

यदि सेनालाई माओवादीकै कार्यक्रम भइरहेको भन्ने सूचना पुगेको भएपनि त्यसरी आक्रमणै गर्नुपूर्व कमसेकम त्यो सुचनाको एकपटक बिश्लेषण गर्नुपर्थ्यो कि पर्दैनथ्यो ? घटनास्थलमा एक जना शेखर नाम गरेको सैनिक जो केही समय अगाडि पीडित महेशकै घरमा भाडामा बसेको थियो, उसले महेशका बाबु आमा तथा अन्य छिमेकीहरू घटनास्थलमा आइपुगेपछि आफूलाई नचिनून् भनेर खल्तीबाट हत्तपत्त रुमाल झिकेर मुख छोप्यो। तर त्यो रुमाल नभएर हसिया हथौडा भएको झण्डा थियो। बास्तवमा उनीहरूले सो झण्डा ओढाएर माओवादीको निहुँमा उनीहरूलाई मार्न खोजेको होकि भन्ने देखिन्छ।

घटनापछि उनीहरूलाई तत्कालै अस्पतालमा लैजान दिइएन, लगिसकेपछि पनि वडा प्रहरी कार्यालयका इन्स्पेक्टर गणेश शाहले बचन लगायतका पीडितहरूलाई उल्टै शारीरिक र मानसिक यातना दिएका थिए। बचन जस्तो पीडितलाई एक्स रे गर्न लैजाने समयमा पनि जवर्जस्ती हिंडाएर लगिएको थियो। उसको हात समाएर लैजान उक्त इन्स्पेक्टर शाहले दिएका थिएनन्। घटनास्थलमा क्यामेरा लगेर फोटो खिंचिएको थियो। क्यामेरा बोक्ने मान्छेले म सेना होइन, म त च्यानल नेपालको पत्रकार हुँ भनेको रहेछ जब कि च्यानल नेपालका यहाँका पत्रकार कर्ण बोहरा अहिले पत्रकार महासंघको अधिवेशनमा भाग लिन काठमाण्डौ जानु भएको छ। फोटो कसले खिच्यो ? यदि सेनाले नै खिचेको हो भने बीचमा पत्रकार भनेर किन भनियो ? सेनाका मेजरद्वारा राति नै आफ्नो पक्षबाट गल्ती भएको स्वीकार गरिएको थियो भन्ने कुरा पनि आएको छ। तर यदि आक्रमण सुनियोजित र प्रतिशोधको भावनाकासाथ भएको थिएन भने वा गल्ती भएको भन्ने अनुभव भएको भए भागेर र लुकेर ज्यान बचाउन सफल भएको अर्को बिद्यार्थी कता गयो भनेर करिब चार घण्टापछि राति एघार बजेतिर सोधपुछ गर्न किन जानु पर्दथ्यो ?

यो राजनीति गर्नेहरूमाथि सरासर अत्याचार गरिएको घटना हो। घटनालाई राष्ट्रिय मानवअधिकार आयोग, संयूक्त राष्ट्र संघको मानवअधिकार आयोगसम्म पुऱ्याएर यस्ता किसिमका घटनाहरू दोहोरिन नदिनुपर्छ। अझै पनि पीडितहरूले राम्रो उपचार पाएका छैनन्। उनीहरूको राम्रो उपचार व्यबस्था हुनुपर्छ, पीडितहरूलाई क्षतिपूर्ति दिइनुपर्छ र दोषीहरूलाई कुनै पनि हालतमा कारवाही हुनै पर्छ।

**३. कृष्ण पनेरु, नेपाल तरुण दल, केन्द्रीय सदस्य**

सेनाले पीडितहरूलाई समातिसकेपछि बाहिर ल्याएर तँलाई कुन ठाउँमा हानौँ ? भनेर खेतमा सुताएर गोली हानेको छ। त्यत्रा मान्छेहरूले ए यो हाम्रो मान्छे हो नहान भन्दा भन्दै पनि गोली हानिएको छ, कुटपिट गरिएको छ। यसलाई कसरी लिने ? यो सरासर आपत्तिजनक कुरा हो। मानवअधिकारको ठाडो उल्लंघन हो। यस घटनालाई सकेसम्म व्यापकता दिएर मानवअधिकारको मुद्दालाई अगाडि बढाइनुपर्छ। यस घटनाका दोषीहरूलाई सजायँ हुनै पर्छ।

**४. खेम भण्डारी** (**सम्पादक तथा प्रकाशक, अभियान दैनिक**)

घटना भएको आधा घण्टा भित्रै म घटनास्थल पुगेको थिएँ। त्यहाँ थुप्रै सैनिकहरू थिए। तर गोली लागेका घाइतेहरूलाई अस्पताल लगिसकेको भन्ने थाहा पाएपछि म अस्पताल गएँ। त्यहाँ सिडीयो, डिएसपी तथा सेनाका मेजर राजीव शाह पनि थिए। मसँग कुरा गर्दा उनले तत्कालै हाम्रो गल्ती भयो भन्ने कुरा स्वीकार गरे। त्यसपछि मैले उनीसँग बचन खोइ भनेर सोधेँ। उनले हाम्रो नियन्त्रणमा छ भने । मैले त्यसो भए तत्काल मलाई भेट गराउनुस् भन्ने माग गरें। एकछिन पछि ँ खोइ कताबाट हो बचन सिंहलाई त्यहा ल्याइयो। त्यसपछि करीब नौ बजेतिर पीडितहरूलाई पिलीभितितिर लगेपछि मात्रै म घर फर्केको हुँ। त्यसक्रममा पनि एक जना गणेश शाह नाम गरेको इन्स्पेक्टरले मलाई पत्रिकामा जथाभावी लेख्ने होइन भनेर तथानाम बोल्ने थर्काउने कोशिस गरेका थिए। घर फर्केपछि पनि मेरो घरमा रातभरि टेलिफोन गरिरहेका थिए। मलाई उक्त घटनाको बारेमा कसरी लेख्छ भनेर धम्काउने कोशिस गरेको होला भनि मैले फोन उठाइन।

**५. बासुदेव भट्ट** (**अध्यक्ष, ह्युपेक तथा, संचालक समिति अध्यक्ष, सिद्धनाथ बहुमुखी क्याम्पस**)

यो सुरक्षा निकायले गराएको पूर्वाग्रही र दुराशयपूर्ण घटना हो। अहिले यसरी आतंकको भरमा राज्य चलाउन खोजिएको छ। सुरक्षा निकाय तथा प्रशासनले जसरी उहाँहरूलाई माओवादी भनेर आक्रमण गरिएको दावी गरेको छ, त्यो सरासर झुटो बहाना मात्रै हो। शाही कदम पछि उहाँहरूले जसरी राजनैतिक आन्दोलनलाई अगाडि लैजानुभयो, त्यसलाई सहन नसकेर प्रशासनले उहाँहरूलाई पाखा लगाइदिने नीति लिएको हो। कञ्चनपुरमा आन्दोलनलाई सक्रिय रुपमा अगाडि बढाउने उनीहरू नै थिए, त्यसैले यदि उनीहरूलाई पाखा लगाइदिने हो भने आन्दोलन आफै शिथिल भएर जान्छ भन्ने हेतुले यो घटना गराइएको हो।

**६. बिक्रम कुँवर, अधिवक्ता**

यो घटनाको बारेमा बोल्नेहरूले यसलाई नियोजित, लापरवाही, र दुर्घटनाको रुपमा चित्रण गर्ने गरेका छन्। वास्तवमा जसले यो घटनालाई नजिकबाट नियाल्दै आएको छ र घटनाको पृष्ठभूमिको बारेमा बुझेको छ उसको लागि यो घटना इन्टेन्सनल्ली घटाइएको थियो भन्ने कुरामा कुनै दुइमत हुन सक्दैन। हामीले अहिलेको घटना के थियो भनेर बुझ्न यसको पृष्ठभुमिलाई पनि बुझ्नु आवश्यक हुन्छ। माघ १९ गतेको शाही घोषणा पछि लगत्तै जिल्लामा यस्तो आतंक र त्रासको स्थिति सृजना भयो कि हामीलाई समेत सदरमुकाममा आफ्नो काम गरेर स्वतन्त्र रुपमा बस्न नसक्ने स्थिति सृजना भयो। त्यसपछि म पनि सदरमुकाम छोडेर बाहिर बस्न बाध्य भएँ। फागुन १५ गतेको बार काउन्सिलको निर्वाचनको लागि जब म सदरमुकाम आएँ मैले थाहा पाएँ कि नरबहादुर धामी जेलमा छन्। त्यसपछि बार काउन्सिलका अन्य सदस्यहरूसँग पनि सल्लाह गरेर १७ गते हामीले रिट हाल्यौँ। १८ गते जब उनलाई रिहाइको आदेश दिइयो, अदालतको इजलाशबाट बाहिर आउँदा धामी र अन्य सोही समयमा रिहाई भएका नेपाली कांग्रेसका तीन जना साथीहरूलाई प्रहरीले धम्क्याउँदै थिए। तर मैले अदालत परिसरबाट नै सबै कुरा मिलाएर उनीहरुलाई रिहा गराएँ र धामीलाई तुरुन्तै सुरक्षित स्थानमा पुऱ्याएँ।

अदालत परिसरबाट निस्केको लगत्तै म बजारमा हिडिरहेको समयमा जिल्ला प्रहरी कार्यालयको सवारी मेरो अगाडि रोकियो। उनीहरूले म सँग धामी कहाँ छन् भनेर पटक पटक सोधे। मैले स्पष्ट सँग अब तिमीहरूले नभेट्ने ठाउँमा पुगिसकेको छ भनेपछि उनीहरूले नित्यानन्द पाण्डेको ल फर्ममा बसिरहेका नेपाली कांग्रेसका कार्यकर्ताहरू जो भर्खरै अदालतको आदेशमा रिहा भएका थिए, उनीहरूलाई पुनः नियन्त्रणमा लिएर केही घण्टा पछि पुनः छोडिदिए। मेरो बिचारमा उनीहरूले धामीलाई खोजेका थिए तर नपाएपछि कांग्रेसका साथीहरूलाई लिएर गएका थिए।

मैले त्यसैबेला धामीलाई भनेको थिएँ कि प्रशासनले तिमीहरू प्रति एकदमै नराम्रो धारणा राखेको छ र जे पनि गर्न सक्छ। त्यसैले प्रशासनको पहुँचबाट टाढै रहनुपर्छ। उनीहरू त्यसै अनुरुप प्रशासनको छायामै रहेर आफ्ना गतिबिधी गरिरहेका थिए। तर यो घटना जसरी गराइयो र जे गरियो, त्यसले मैले यस अघि गरेको आशंकालाई वास्तविकतामा परिणत गरिदिएको छ।

७. खेमराज ऐरी (१७ गते सुरक्षाकर्मीबाट पिटिएका व्यक्ति)

हाम्रा साथीहरूमाथि गरिएको आक्रमणको बिरुद्धमा हामीले वैशाख १७ गते बजारमा बिरोध जुलुस निकाल्यौँ। त्यसबेला संकटकाल हटिसकेको थियो। हामीले निकालेको जुलुस पूर्णरुपमा शान्तिपूर्ण र संयमित थियो। हामीले कुनै चर्का खालका नारा पनि लगाएका थिएनौ। केवल पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारवाही गर भन्ने कुराहरू मात्रै थिए। तर पनि मदन चोकमा पुग्दा प्रहरी आएर हामीमाथि जथाभावि बुट-लाठीले हान्न थाले। मैले किन यस्तो गर्नुहुन्छ ? साथीहरूमाथि भएको आक्रमणको बिरोधमा हामीले शान्तिपूर्ण जुलुस निकालेका हौं, संकटकाल हटिसकेको छ , हामीले अवैधानिक काम के गरेका छौ भन्ने बित्तीकै उनीहरूले बढी बोल्छस् भन्दै पछाडिबाट बुटै बुट र लाठीले हान्न थाले। त्यतिबेला प्रहरीका इन्स्पेक्टर गणेश शाहले कमाण्ड गरेका थिए र उनले नै हामीलाई जथाभावी चुट्न आदेश दिएका थिए। एकछिनपछि हामीलाई गिरफ्तार गरेर जीपमा राखिसकेपछि पनि इन्स्पेक्टर गणेश शाह तथा अन्य प्रहरीहरूले राजनीति गर्छस् तँलाई त हामी अहिल्यै गोली हानेर मारिदिन सक्छौ भनेर धम्क्याउँदै निकै समयसम्म चुटिरहे। मेरो ढाडमा र गर्धनमा अझैपनि चोटका डामहरू छन्। ती ठाउँहरूमा चलाउन र छुन नहुने गरी अझैपनि दुखिरहेको छ। मलाई १७ गते बिहान १० बजे गिरफ्तार गरिएको थियो र साथीहरूको ब्यापक जुलुस विरोधपछि १८ गते साँझ पाँच बजे मात्रै छाडियो। पूर्जी बिना नै दुई दिन थुनामा राखियो।

८. भुपेन्द्र बिष्ट (अध्यक्ष पुनरावेदन बार एशोसिएसन, कञ्चनपुर)

माघ १९ पछि को कदमपछि पनि श्री ५ ले बिभिन्न सम्बोधनहरूमा र अन्तर्राष्ट्रिय फोरमहरूमा गएर बहुदलीय प्रजातन्त्र र मानवअधिकारप्रति प्रतिबद्धता जनाइबक्सेको छ। तर राजनैतिक दलको भातृ संगठनले संगठन बिस्तार गर्ने क्रममा राज्यपक्षबाट जुन काम गरिएको छ यो निकै आपत्तिजनक कुरा हो। यदि सेनालाई माओवादीले कार्यक्रम गरेको सूचना प्राप्त भएको थियो भने त्यो सूचनाको छानविननै नगरी सीधै कारवाही गर्नु कति सही हुन सक्छ ? पहिले त्यो सूचनाको बिश्लेषण र छानविन गर्नुपर्थ्यो। अर्कोतिर जानेबित्तिकै सिधै गोली चलाउन शुरु गर्नु र अझ नियन्त्रणमा लिइसकेपछि सुताएर जसरी गोली प्रहार गरिएको छ त्यसले राज्यका मानवअधिकार सम्बन्धी हरेक कानुनहरू, आधारभूत मानवअधिकार र जेनेभा महासन्धिको साझा धारा ३ को सिधा अपहेलना गरिएको छ। यदि माओवादीका सशस्त्र छापामार नै त्यहाँ भएको भएपनि नियन्त्रणमा लिइसकेपछि किन गोली चलाइयो ? बिद्यालयलाई शान्ति क्षेत्र बनाइनुपर्छ भनेर सरकार आफैले भन्ने अनि आफैले क्याम्पस भित्र हस्तक्षेप गर्ने कसरी न्यायोचित हुन सक्छ ? यो कुनै राजनैतिक वा ब्यक्तिगत प्रतिशोध के हो भन्ने कुराका आफ्नै सम्भावना हुन सक्छन् तर यसलाई राज्य आतंक हो भनेर स्पष्ट दावी गर्न सकिन्छ। यस घटनाका जो पीडित छन् उनीहरूको राम्रो उपचार हुनुपर्छ र क्षतिपूर्ति दिलाइनुपर्छ। जो कमाण्डर उक्त कारवाहीमा गएको हो,उसमाथि कारवाही गरिनुपर्छ।

## प्रशासन तथा सुरक्षा निकायको भनाइ

१. ध्रुवराज वाग्ले (प्रमुख जिल्ला अधिकारी कञ्चनपुर)

घटना दुखदायी रुपमा गएको छ। नहुनुपर्ने कुरा भएकोछ। सुखद पक्ष भनेको ३ जनाकै जीवन बच्न सफल भएकोछ। सेनालाई माओवादी हो भन्ने जानकारी गएको हुंदा घटना भएको हो। बिद्यार्थीहरूले आफनो कार्यक्रमको वारेमा जानकारी दिनु पर्ने थियो। जानकारी दिएको भए घटना हुदैनथ्यो। अर्कोतिर सेना आएपछि पनि भाग्नु हुदैनथ्यो, फेरी सेनाको कमाण्ड गर्ने अधिकृत नयां पनि रहेछ। त्यहां दुर्व्यवहार भएको पनि देखियो। त्यसपश्चात् मसमेत गई अस्पतालमा उनीहरूको स्वास्थ्य स्थितिको वारेमा जानकारी लिएको थिए। अस्पतालका डाक्टरहरूले तुरुन्त सुविधासम्पन्न अस्पतालमा लैजान भनेको हुंदा तत्काल काठमाण्डौ लाने ब्यवस्था गर्न नसक्ने भएपछि पिलीभित स्थित शारदा अस्पतालमा पठाइएको हो। उनीहरूको उपचारखर्च सम्पूर्ण सरकारले ब्यहोर्दैछ। त्यसपश्चात् जिल्ला सुरक्षा समितिको वैठकबसी घटनाका बारेमा छलफल भएको र घाइतेहरूलाई क्षतिपूर्ति दिने र काठमाण्डैाको सैनिक अस्पतालमा पठाउनका लागि सिफारिस गर्ने निर्णय गरेकोछ। सेनाबाट भएको गल्तीमा सेनालाई खवरदारी गर्ने कार्य भएको छ। यस्तो घटना दोहोरिन नदिन समेत सचेत गरिएको छ। घाइतेहरूलाई भारतमा लैजादा केही असमझदारी भएका कारणले केही अप्ठेरो पर्न गएको हो तर पछि त्यसलाई सुधार गरिएको छ। भारत र नेपालको स्थानीय सुरक्षा अधिकारी बीच भएको सम्झौता अनुसार नै हामीले उनीहरूलाई उपचारार्थ पठाएका थियौ र पछि लिखित पत्र समेत पठाई उनीहरूलाई जानकारी दिएका थियौं। घटनाको सम्वन्धमा सेनाबाट २०६२ वैशाख २० गते अर्को पत्र पठाइएको छ। त्यस पत्रमा उप सेनानी गंगा बरालको नेतृत्वमा अप्रेसनमा गएको टोलीले आदेश बमोजिम काम गरेको। घाइतेहरू आतंककारी नभई एमालेसँग सम्बन्धित अनेरास्वयियुका कार्यकर्ताहरू भएको, उनीहरूको निरन्तर उपचार भैरहेको र उचित क्षतिपूर्ति दिनका लागि सिफारिश गरिएको व्यहोरा समावेश छ।

२. राजीव शाह (मेजर सुर्यदल गुल्म भगतपुर ब्यारेक कञ्चनपुर)

वैशाख १६ गतेको दिन अन्दाजी १८ बजेको समयमा हामीलाई जनज्योती क्याम्पसमा माओवादीहरूले शिक्षक र विद्यार्थीलाई थुनेर कारवाही गर्दैछन भन्ने जानकारी प्राप्त भयो। तत्काल आतंककारी विरुद्ध कारवाही गर्न उप सेनानी गंगा बरालको नेतृत्वमा ३० जनाको टोलीलाई बुझन

पठाइयो। आतंककारीहरूले कार्यक्रम गर्दैछ भन्ने थाहा पाउनासाथ क्याम्पसमा सोध्नुभन्दा सुरक्षाको दृष्टिकोणले सेनाको टोली नै पठाउने निर्णय गरिएको हो। संकटकाल चलिरहेको थियो, तर उक्त क्याम्पसमा अनेरास्ववियूका विद्यार्थीहरूले आफनो कार्यक्रम गर्दै थिए भनेर हामीलाई कुनै पूर्व जानकारी दिएइको थिएन। सो एरिया अत्यन्त सम्वेदनशील छ। कारागार नजिकै छ र केही समय अगाडि मात्र आतंककारीहरूले उक्त कारागारमा आक्रमण गरी २० जना कैदी भगाएर लगेका थिए। अहिले पनि त्यहाँ साठी जना माओवादीहरू थुनामा रहेका छन्। अर्कोतिर उक्त क्याम्पसभन्दा पशिचमपट्टी अञ्चल प्रशासकको कार्यालय रहेको छ।  तर अनेरास्ववियूका विद्यर्थीहरूले कार्यक्रम गर्दैछन् भन्ने थाहा पाइएको थिएन।

सेना देख्नासाथ उनीहरू भागे। केटाहरूलाई डर लाग्यो होला। उनीहरूको मनोविज्ञान त्यस्तै रहेछ। र केटाहरूको गिरफतारी नदिने रणनीति रहेछ त्यसैले भाग्न थाले। परिस्थिति पनि त्यस्तै सृजना हुन गयो। सेनाले उनीहरूलाई पछ्याउदै गर्दा फायर गरेको हो। न्यूनतम बलको मात्र प्रयोग गरिएको छ। नरवहादुर धामीलाई कानमा गोली लागेको नभई गोलीको कारणवाट उछिट्एका अन्य कुनै बस्तुले लागेको हो। अन्य घाइतेहरूलाई पनि नजिकवाट गोली हानिएको छैन। एउटालाई झयाल वाहिरवाट गोली हानिएको थियो र निजलाई वाहिर ल्याई सुताई राख्दा खल्तीमा हात हाल्न खोजेपछि मात्र अर्को गोली हानिएको छ। त्यसैले घटना पूर्णत: दुर्घटना हो। म्यान हैडलिंग अथवा दुर्व्यवहारहरू भएको पनि देखिन्छ। सेनाका केही जवानहरू क्याम्पस परिसरबाट गएका पनि हुन सक्छन, घटना तत्काल पछि हामीले एमबुलेन्स माग भैआएको हुंदा मैले नै एम्बुलेन्स पठाउन खवर गरेको पनि थिए। त्यसपश्चात म समेत अस्पतालमा पुगी घाइतेहरूको उपचारका लागि अवश्यक व्यवस्था गरेको थिए। सेनाको हेलिकप्टर तत्काल उपलब्ध हुन नसक्ने स्थिति र घाइतेहरूको अवस्थाका कारणले गर्दा हामीले पिलीभितमा पठाएका थियौ। त्यस बेलामा एमाले जिल्ला सचिव राजेन्द्र रावलसंग पनि छलफल भएको थियो। हामीले प्रत्येक मिसनमा जादा दृश्यहरू खिच्ने गर्दछौ, घटनाको प्रमाणको लागि र यस घटनामा पनि हामीले भिडियो क्यामरावाट दृश्यहरू खिचेका हौ।जहां सम्म सेनाको खल्तीवाट हसिया हथौडा सहितको रातो रुमाल देखिएको कुरा छ ,सेनाले लामो मिसनमा जादा त्यस्ता सामग्रीहरूसमेत बोक्ने गर्दछ।

### ३. गोबिन्दराम परियार (प्रहरी नायव उपरीक्षक, निमित्त प्रमुख, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर)

अप्रेशनको वारेमा हामीलाई थाहा थिएन। त्यो एरिया सेनाकोमा  परेको थियो। हामीले अन्दाजी ६:४५ बजे  घटनाको वारे जानकारी पाएको थियो। केही माओवादी आएर कार्यक्रम गर्दै रहेको भन्ने प्राप्त सूचनाको आधारमा सूर्यदल गुल्म भगतपुरका अधिकृतको कमाण्डमा अप्रेशन भएको थाहा पाए। सेनाले चेतावनी दिई घेरी सकेपछि पनि ४ जना भागेका, पुन चेतावनी दिएकोमा पनि उनीहरू भागेको हुंदा सेनाले फायर खोलेको, ३ जना घाइते भएका र १ जनालाई नियन्त्रणमा लिएको भन्ने खवर ६:४५ मा प्राप्त भएको हो। त्यसपश्चात तत्काल हामी अस्तपालमा पुग्यौ। बचन सिंहलाई प्रहरीको कब्जामा लिइयो। एसपी साहव, सिडियो साहब र सेनाका मेजर साव महाकाली अञ्चल अस्पतालमा जानु भयो। घाइतेको अवस्था हेरेर अस्तपालवाट राम्रो अस्पतालमा लैजान रिफर भएपछि शारदा अस्पतालमा लगिएको हो। भारत र नेपाल बीचको सम्झौता अनुरुप नेपालवाट उपचारको लागि भारत पठाउन सकिने व्यवस्था छ र माओवादीहरूको बारेमा उनीहरूले जानकारी पाएमा भारतीय प्रहरीले आवश्यक कारवाही गर्न सक्ने व्यवस्था रहेकोछ। तर सूचना आदान प्रदानमा भएको कमीले गर्दा भारतीय प्रहरीले माओवादीको आशंका गरी तत्काल शारदा अस्पताललाई नियन्त्रणमा लिएका थिए। पछि यहांवाट लिखित जानकारी समेत पठाएपछि हाल घाइतेहरूको सुरक्षाको लागि ३ जना भारतीय प्रहरीहरू राखिएका छन्।

विद्यार्थीहरूले आफनो कार्यक्रमको वारेमा थाहा नदिएको र सेना आउँदा भागेको हुनाले यो दूर्घटना हुन गएको हो। विद्यार्थीहरू पनि आफूलाई धरपकड गर्ने आशंकामा हुन सक्छन। जहांसम्म क्याम्पसको क्षेत्र भित्र प्रवेश गरिएको भन्ने प्रश्न छ सेना त्यहांभित्र प्रवेश गरेको हो। आतंकारीको आशंका भएको अवस्थामा सुरक्षाफौज जुनसुकै क्षेत्रमा पनि प्रवेश गर्न सक्ने कानुन भएको हुंदा त्यसो भएको हुन सक्छ। घाइतेहरूलाई नियन्त्रणमा लिएपछि गोली हानिएकोबारे मलाई जानकारी छैन। खाली कागजमा सही गराएको भन्ने कुरा पूर्णत: गलत हो। यो भूलवस भएको दुर्घटना हो। कारवाही सेनावाट भएको हुदा सो उपर कारवाही गर्ने कुरा हाम्रो क्षेत्राधिकारभित्र पर्दैन।

### ४. शरद तामाङ, इन्सपेक्टर जिल्ला प्रहरी कार्यालय कञ्चनपुर

जनज्योति क्याम्पसका नि.प्रमुख हरिसिह खातीको खालि कागजमा सही गराइएको छैन। निज समेत ६।७ जना विद्यार्थीको भने कागज गरिएको हो।

### ५. केदार पौडल (प्यूठ, सेनाको प्रतिनिधि (मेडिकल) शारदा अस्पताल पिलीभित भारत)

१६ गते राति घाइतेहरूसंगै उनीहरूको प्राथमिक उपचार गरी यहां पठाइएको हो। उहांहरूको उपचारमा हेरचाह गर्न पठाइएको हो। मसगै संयुक्त सुरक्षा फौजका असई जंगबहादरु शाही पनि हुनु हुन्छ। उपचार खर्च हामीले व्यहोरी रहेका छौ। अन्य खर्च उहांहरू आफैले गरिरहनु भएको छ।

६. नागेश यादव (प्रहरी जवान, उत्तर प्रदेश प्रहरी हेडक्वाटर, भारत)

हामीलाई शारदा अस्पतालमा माओवादीहरूले उपचार गराइरहेको छ भन्ने जानकारी आएपश्चात् यहाँ पठाइएको हो। वैशाख १६ गतेको राति करिब तीस जना सशस्त्र प्रहरी पठाइएको हो। पछि नेपाल प्रहरीबाट यिनीहरू माओवादी नभई संविधान मान्ने राजनीतिक पार्टीको भातृ संगठनका कार्यकर्ता हुन भन्ने जानकारी आयो। त्यसपश्चात् अहिले एक हेड कन्सटेबल र तीन प्रहरी जवान तैनाथ छौं। अहिले हामी घाइतेहरूको सुरक्षार्थ मात्र खटिएका हौं।

## निष्कर्ष तथा सुझाव

घटनाका सम्बन्धमा प्रकाशित सामग्री तथा स्थलगत अध्ययन एवं स्थानीय प्रशासन, शाही नेपाली सेना, नेपाल प्रहरी, नागरिक समाज, स्थानीय मानवअधिकार संघसंस्था, विभिन्न राजनीतिक दल, पत्रकार, कानुन व्यावसायी एवं प्रत्यक्षदर्शीसँग गरिएको कुराकानीका आधारमा तथ्य संकलन टोली निम्न अनुसारको निष्कर्षमा पुगेको छ:

कमाण्ड गर्ने अधिकृतको गैरजिम्मेवारीपना र प्राप्त सूचना सत्य नहुन पनि सक्छ भन्ने हेक्का सुरक्षा निकायमा नभएका कारण कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा शान्तिपूर्ण कार्यक्रममा संलग्न विद्यार्थीहरुउपर गोली चलाएर तीन जनालाई गम्भीर घाइते तुल्याइएको देखिन्छ। २०६२ वैशाख १६ गते नेकपा (एमाले) समर्थक अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) का विद्यार्थीहरूले महेन्द्रनगरस्थित जनज्योति क्याम्पसमा पूर्व स्वीकृति लिएर संगठनात्मक विस्तारसम्बन्धी कार्यक्रमको आयोजना गरेका थिए। तर कार्यक्रम शुरु भएको आधा घण्टा बित्दा नबित्दै कञ्चनपुरस्थित सूर्यदल गुल्मबाट उपसेनानी गंगा बरालको नेतृत्वमा गएको शाही नेपाली सेनाको टोलीले घटनास्थलमा घेरा हाली अकस्मात आक्रमण गऱ्यो। उनीहरु गाडीबाट ओर्लिएर फायरिङ गर्दै क्याम्पसतर्फ बढेपछि सहभागीहरु कार्यक्रम छाडेर भागाभाग गर्न थाले। त्यसपछि सेना फाइरिङ गर्दै विद्यार्थीहरूलाई लखेट्न थाले। विद्यार्थीहरु भाग्दै क्याम्पस हाता बाहिर पुगे। तर सेनाले लखेट्न छाडेनन्। करिब चार सय मिटर पर सेनाले नरबहादुर धामीलाई नियन्त्रणमा लियो। अन्य दुई जना विद्यार्थी नेताहरु– महेश पन्त र किरण क्षेत्री नजिकैको एउटा घरभित्र छिरे। तर सेना उनीहरुलाई पछ्याउँदै त्यहीं पुगे। घरबाहिर झ्यालबाट किरण क्षेत्रीलाई ताकेर गोली हानियो। उनलाई नियन्त्रणमा लिइसकेपछि अर्को गोली हानियो। सेनाले त्यो घरभित्रै पसेर महेश पन्तलाई पनि नियन्त्रणमा लिए। नियन्त्रणमा लिइसकेपछि उनको दुवै खुट्टामा एक/एक गोली हानियो। त्यसक्रममा अर्का एक विद्यार्थी नेता वचनबहादुर सिंहलाई कुटपिट गर्दै नियन्त्रणमा लिइयो। त्यस क्याम्पसमा माओवादीले विद्यार्थी र शिक्षकलाई थुनेर कार्यक्रम गर्दैछन् भन्ने सूचना प्राप्त भएपछि त्यस्तो कारवाही गरिएको हो भन्ने दावी शाही नेपाली सेनाले गरेको छ।

घाइतेहरूको उपचारका निम्ति सेनाबाट अविलम्ब पहल नगरिएको पाइयो। पछि उपचारकालागि भारत लैंजादा समेत जानकारी नदिइएको कारण भारतीय प्रशासनले उनीहरुलाई माओवादीको ठानेर व्यवहार गरेको थियो। स्थानीय प्रशासनले पछि उनीहरू माओवादी होइनन् भन्ने व्यहोराको पत्र पठाएपश्चात मात्र भारतीय निगरानी हटेको पाइयो। गोली लागी घाइते भएकामध्ये महेश पन्तको स्थिति केही गंभीर रहेको भए पनि सबै जना खतराबाट रहेको पाइएको छ।

पीडित एवं नागरिक समाजले यस घटनालाई सुनियोजित ठहऱ्याएको छ। स्थानीय प्रशासनले यसलाई दुर्घटनाका रुपमा चित्रण गरेको छ। घाइतेको औषधि उपचार स्थानीय प्रशासनबाट भइरहेको छ। तीनैजनालाई क्षतिपूर्ति प्रदान गरिने तथा थप उपचारका लागि सैनिक अस्पताल काठमाडौं पुऱ्याइने आश्वासन दिइएको छ।

- यस घट्नामा राज्यले मानवीय कानुनको “गैर–सरकारी नागरिकउपर गरिने निर्देशित आक्रमण र गैर–सैनिक समुदायमा आतंक फैल्याउन गरिने हिंसात्मक कार्यहरू निषेधित छन् ” भन्ने प्रावधानलाई पूर्णत: लत्याएको छ । अपुष्ट सूचना प्राप्त भएकै आधारमा पर्याप्त अनुसन्धान विना विद्यार्थीहरूमाथि सशस्त्र कारवाही गरिनु, नियन्त्रणमा लिइसकेपछि विद्यार्थीमाथि गोली चलाइनु, निर्मम यातना दिइनु, दुर्घटना भनेर मानिसकेपछि पीडित एवं पीडितका परिवारहरूमाथि दुर्व्यवहार गरिनु, सूचना सम्प्रेषणमा कञ्जुस्याई गरिनुले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनको पूर्ण रुपमा उल्लंघन गरिएको पाइएको छ।

- यस घटनामा राज्यले लडाईमा संलग्न नरहेका निशस्त्र गैरसैनिक व्यक्तिहरूलाई हानी पुऱ्याउन नहुने वा त्यस्ता व्यक्तिहरूको संरक्षण गर्नु पर्ने जेनेभा महासन्धिको साझा धारा ३ ले गरेको प्रत्याभूतिलाई लत्याएको छ।

- शान्तिपूर्ण कार्यक्रममा संलग्न भइरहेका विधार्थीहरूमाथि मच्याइएको ज्यादतीका कारण राज्यले जेनेभा महासन्धिको गैर–अन्तराष्टिय सशस्त्र द्वन्द्वका पीडितहरूको संरक्षणसम्बन्धी सन् १९७७ को अतिरिक्त सन्धिपत्रको धारा १३ मा उल्लेखित “गैरसैनिक वासिन्दा तथा नागरिकहरू आक्रमणको निशाना हुने छैनन्। गैरसैनिक वासिन्दाहरूमा आतंक फैलाउने प्राथमिक उद्देश्यले गरिने कार्य वा हिंसाको धम्की निषेध गरिएको छ। ” भन्ने प्रावधानको ठाडो उल्लंघन गरेको छ।

- यस घटनामा नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४ फौजदारी न्यायसम्बन्धी हकको उपधारा(६) मा उल्लेखित"पकाउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पकाउ भएको ठाउँबाट बाटाको म्याद वाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ" भन्ने प्रावधानको उल्लंघन भएको छ।

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति सुरक्षा निकायलाई कुनै पनि अपुष्ट सूचनाको पछाडि अन्धाधुन्ध नदौडी जिम्मेवारीपूर्वक सञ्चालित हुन सुझाव प्रदान गर्दछ। पीडितहरूउपर मानवोचित व्यवहार गरी उनीहरुलाई अविलम्ब क्षतिपूर्ति प्रदान गर्नसमेत श्री ५ को सरकारसँग जोडदार अपिल गरिन्छ।

घटनाका सम्बन्धमा आवश्यक छानविन गरी मानवअधिकारको उल्लंघन गर्ने दोषीउपर उचित कारवाही चलाउन सन्धि अनुगमन समन्वय समिति श्री ५ को सरकारसँग माग गर्दै त्यसका निम्ति आवश्यक पहल गर्न राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार प्रवर्द्धन केन्द्र, उच्चस्तरीय मानवअधिकार संरक्षण समिति, मानवअधिकार शाखा–शाही नेपाली सेनालगायतका निकायहरुलाई आव्हान गर्दछ।